जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २६९ • २०८० साल फाल्गुन १३ गते आइतबार (25 Feburary, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# देशकै सर्वाधिक डेढ किलोमिटर लामो झोलुंगे पुल सञ्चालनमा

## धनुषा-सिरहा जोड्न कमला नदीमा पुलको शिलान्यास

**किरण कुमार कर्ण**

जनकपुरधाम । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संघीयतालाई सबल बनाउन केही दिनमै प्रहरी समायोजन, कर्मचारी र शिक्षा सम्बन्धी ऐन ल्याउने बताएका छन् ।

मधेश प्रदेश सरकारले शिक्षा र निजामती ऐन, प्रहरी समायोजन गर्न सरकारमाथि दबाब दिइरहेको बेला प्रधानमन्त्री प्रचण्डले शनिबार धनुषा-सिरहालाई जोड्न कमला नदीमा निर्माण भएको झोलुंगे पुलको उद्घाटन समारोहमा मधेशको मागलाई सम्बोधन गर्ने बताएका हुन् ।

कमला नदीमा हरिनारायण रौनियारको पप्पु कन्सट्रक्सनले बनाएको पुल उद्घाटन नहुँदै भत्किएपछि सरकारले झोलुंगे पुलको निर्माण गरेको हो । प्रधानमन्त्री प्रचण्डले झोलुंगे पुलको उद्घाटनको क्रममा मधेशको विकास बिना देशको विकास सम्भव नभएको बताए । 'मधेशको मुक्ति बिना देशको मुक्ति सम्भव छैन,' उनले भने, 'मधेशी जनताको समृद्धि भएन भने देशको समृद्धि सम्भव छैन ।'

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेटमा मधेशलाई विशेष व्यवस्था गरिने उनले बताए । मधेशको विकासका लागि सरकारले आवश्यकता अनुसारको ठूला योजनाहरुलाई चाँडै सम्पन्न गर्ने प्रचण्डले बताए ।

धनुषाको सबैला नगरपालिका-४ पटेर्वाघाट र सिरहाको कल्याणपुर नगरपालिका-५ चिकना जोड्ने पक्की



पुलको शिलान्यास गर्दै प्रधानमन्त्री प्रचण्डले अबको नीति तथा कार्यक्रम एवं बजेटमा विशेष व्यवस्था गर्ने प्रतिबद्धता जनाए ।

आफूले सरकारको नेतृत्व गरेपछि नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने विषयलाई गम्भीर रुपमा लिएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले भने,' तराईमा सिँचाइ, मलबीउको व्यवस्था गर्ने र कृषि प्रविधिलाई बढावा दिने छ ।'

देशको अर्थतन्त्रमा गुणात्मक परिवर्तन गर्न बृहत् आयोजना निर्माणमा सरकारले ध्यान दिएको बताउँदै प्रधानमन्त्री प्रचण्डले बूढीगण्डकी एवं कर्णाली चिसापानीजस्ता 'गेम चेन्जर' आयोजना निर्माणका काम यथाशक्य चाँडो अगाडि बढाइने बताए ।

मधेश, पहाड र हिमालको एकताका लागि आफूले निर्वाचनमा सिरहाबाट भाग लिएको स्मरण गर्दै प्रधानमन्त्रीले मधेशी जनताको मत लिएर संघीय गणतन्त्रको संविधान निर्माण गर्न पाएकोमा गर्व रहेको बताए । 'मधेश, पहाड र हिमालको एकतालाई अविछिन्न तुल्याउन सबैको पहिचान र अधिकारका लागि लडेको नाताले एकता कायम गर्न मेरो जिम्मेवारी छ ' उनले भने, संघीयताका लागि भएको लडाईमा मधेशको ठूलो योगदान छ ।

चालीस वर्षअगाडि भूमिगत कालमा आफू यस क्षेत्रमा आएको स्मरण गर्दै उनले सबैला, वस्तीपुरलगायत क्षेत्रका जनतासँग आफ्नो नजिकको सम्बन्ध रहेको उनले उल्लेख गरे ।

सो कार्यक्रममा शहरी विकास मन्त्री सिता गुरुंगले मधेश र पहाडलाई जोड्नका लागि मधेशको विकास अनिवार्य रहेको बताइन् ।

पूर्वमन्त्री मातृकाप्रसाद यादवले मुलुकको विकासका लागि माओवादी आवश्यक रहेको दावी गरे । ' माओवादी विना देशको विकास सम्भव छैन' पूर्वमन्त्री यादवले भने ,यसका लागि मुलुकको भौतिक विकास संरचनादेखि शिक्षा, स्वास्थ्य, रोजगार सृजनासम्ममा सरकार गम्भीर हुनु पर्छ ।

नेकपा माओवादी केन्द्रका उपमहासचिवसमेत रहेका पूर्वमन्त्री यादवले मुलुकको भौतिक विकास निर्माणको काममा सरकारको गलत नीतिका कारण वर्षौ वित्दा पनि पुललगायतका विकास निर्माणको कार्य समयमा पूरा हुन नसकेको बताए ।

सबैला नगरपालिकाका नगरप्रमुख कारीराम यादवको अध्यक्षतामा सम्पन्न भएको शिलान्यास कार्यक्रममा प्रतिनिधिसभा सदस्य रामकृष्ण यादव, नेता श्रवण यादव, भौतिक विकास मन्त्रालयका सचिव केशव शर्माले आ-आफना धारणा राखेका थिए ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

- यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
- यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिड्दा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)





टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९




जनकपुर ९८०१६६९२०७ । जलेश्वर ९८१७११२७९८ । महेन्द्रनगर ०४१-५४००५० । धनुषाधाम ९८०४८६००५८ । यदुकुवा ९८५४०२६०३३ । वर्दिवास ९८०८९९४१६४ । लोहारपट्टी ९८०१६६९५६३ । लाहान ९८०१५४२६००
गाईघाट ९८५२८३०२३२ । गोलबजार ९८५२८३२५२८ । मिर्चैया ९८२७७३९००० । सिरहा ९८४२९९७५९७ । फतेपुर ९८०७७४९७६२ । सिन्धुली ०४७-५२०९६६ । कटारी ९८०२७६३०६४ । विरगंज ०५१-५२४८५७
जितपुर ९८०१५९००९० । निजगढ ०५३-५४०२७५ । मलंगवा ०४६-५२०५५३ । कलैया ०५३-५५१४६० । लालबन्दि ०४६-५०१०१५ । बरथवा ०४६-५४०२४४ । गौशाला ९८०१६७२६७० । गरुडा ०५५-५६५४०८

# भरुवा बन्दुक बरामद



**टुडे समाचारदाता**

सिरहा । सिरहा प्रहरीले दुईवटा भरुवा बन्दुक बरामद गरेको छ ।

जिल्लाको गोलबजार नगरपालिका-१० स्थित धरमपुरको पोखरी बाँध नजिक प्रहरी टोली देख्नासाथ १०/१२ जना युवाहरुको समूह बोरा छाडी जंगलतर्फ भागेपछि प्रहरीले उक्त बोराभित्र बारुद भरिएको दुईवटा बन्दुक बरामद गरेको जनाएको छ ।

प्रहरीका अनुसार फरार युवाहरुको खोजी कार्य भइरहेको छ ।

# सशस्त्र प्रहरीको पोस्टमा आगलागीमा हातहतियारसमेत नष्ट

**टुडे समाचारदाता**

बारा । बारा जिल्लाको विश्रामपुर गाउँपालिकामा रहेको सशस्त्र प्रहरी फरवार्ड आउट पोस्ट (एफओबी) मा आगलागी भएको छ ।

जिल्लाको विश्रामपुर गाउँपालिकाको बलिरामपुरमा रहेको सशस्त्र प्रहरीको एफओबीमा विद्युत् सर्ट भएर आगलागी भएको मधेश प्रदेश सशस्त्र प्रहरी प्रमुख दीपेन्द्र शाहले जानकारी दिए ।

उनले दिएको जानकारी अनुसार सशस्त्र प्रहरीको पोस्टमा आगलागी हुँदा सम्पूर्ण हातहतियारसहित गोलीगट्ठासमेत जलेर नष्ट भएको छ ।

उनले भने, 'आगलागीबाट के कति क्षति भयो भन्ने विस्तृत विवरण आउन बाँकी छ । तर सबै हातहतियार गोलीगट्ठासहित सबै सामान जलेर नष्ट भएको प्रारम्भिक



जानकारी आएको छ ।' दिउँसो ३ बजेबाट सुरु भएको आगलागीबाट कुनै किसिमको मानवीय क्षति भने नभएको उनले जानकारी दिए ।

एफओबीमा रहेको सबै हातहतियार, गोलीगट्ठासहित सबै कागजात तथा खाद्यान्न र लत्ताकपडा जलेर नष्ट भएको सशस्त्र प्रहरीले जनाएको छ । कति हातहतियार तथा गोलीगगट्ठा क्षति भयो भन्ने यकिन विवरण अहिलेसम्म आउन नसकेको बलिरामपुर सशस्त्र प्रहरीको भनाइ छ ।

# विविधताको दृष्टिकोणले नेपाल विश्वकै उच्चकोटीको देश : प्रधानमन्त्री

टुडे समाचारदाता

सर्लाही । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले विविधताको दृष्टिकोणले नेपाल विश्वकै उच्चकोटीको देश भएको बताएका छन् ।

बागमती नगरपालिकाले शनिबार सर्लाहीको कर्मैयामा आयोजना गरेको 'सामुदायिक विद्यालयका चार हजार विद्यार्थीको सामूहिक प्रस्तुतिकरणसहितको शैक्षिक तथा सांस्कृतिक कार्यक्रम' लाई शनिबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले देशको विविधतालाई एकताबद्ध बनाउनुपर्ने बताउनुभयो ।

"विविधताको दृष्टिकोणले नेपाल विश्वकै उच्चकोटीको देश हो", प्रधानमन्त्री प्रचण्डले भने, "सबै जातजाति र भाषाभाषीलाई सम्मान गरेर मात्र राष्ट्रिय एकता कायम गर्न सकिन्छ ।"

उनले नेपालका सबै क्षेत्र, जातजाति र भाषाभाषी एकताबद्ध हुँदा नै देशको राष्ट्रिय एकता बलियो हुने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री प्रचण्डले विविधतामा एकता हामी नेपालीको विशेषता भएको बताउँदै सबैलाई एकतामा उन्ने र राष्ट्रियता प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए । त्यस अवसरमा नयाँ सन्देश




दिने उद्देश्यका सबै अभिभावक एवं विद्यार्थीले सिर्जनात्मक प्रस्तुति प्रदर्शन गरेको भन्दै उहाँले शुभकामना व्यक्त गरे ।

त्यस अवसरमा प्रधानमन्त्रीले सार्वजनिक शिक्षाको सुधारसम्बन्धी पुस्तक लोकार्पण गर्नुभयो । 'शिक्षा, स्वास्थ्य र रोजगार, त्यसैका लागि पूर्वाधार' भन्ने मूल नाराका साथ सामुदायिक विद्यालयका चार हजार विद्यार्थीको सामूहिक प्रस्तुतिकरणसहितको शैक्षिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको आयोजक नगरपालिकाले जनाएको छ ।

कार्यक्रममा सात वटै प्रदेशको सांस्कृतिक एवं भौगोलिक विविधता र पहिचान झल्किने गीत, नृत्य र संगीतको प्रस्तुति गरिएको थियो ।

विभिन्न वडाहरूबाट ' हामी सुधार्छौं हाम्रो विद्यालय, सामुदायिक विद्यालय सुधार्ने हाम्रो जिम्मेवारी' भन्ने नारासहित आ-आफ्नो भेषभुषामा अभिभावकहरूको झाँकी प्रस्तुत गरिएको थियो ।

यो कार्यक्रम सामुदायिक विद्यालयको सवलीकरण तथा रूपान्तरणका लागि देशकै नमुना कार्यक्रम हुने र सामुदायिक विद्यालय सुधारका लागि सामाजिक आन्दोलन हुने आयोजकको विश्वास गरिएको छ ।

# एक युवकको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा जग्गा विवाद हुँदा एक युवकको मृत्यु भएको छ ।

जिल्लाको दुर्गा भगवती गाउँपालिका- २ मा जग्गा विवादको विषयलाई लिएर झडप हुँदा युवकको मृत्यु भएको हो ।

दुर्गा भगवती गाउँपालिका वडा नम्बर २ स्थित भलोहियाका अन्दाजी ४५ वर्षीय जयप्रकाश महतो नुनियाँको झड्पमा मृत्यु भएको छ ।

जयप्रकाश महतो नुनियाँ र चण्देश्वर महतो नुनियाँबीच जग्गाको विषयमा विवाद भएको थियो । त्यस क्रममा चण्देश्वरले धक्का दिँदा कालोपत्रे सडकमा लडेर घाइते भएका जयप्रकाशको उपचारका लागि प्रादेशिक अस्पताल रौतहट गौरमा लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो ।

जयप्रकाशको हत्या भएको प्रारम्भिक अनुसन्धानमा देखिए पछि एकजनालाई पक्राउ गरिएको तथा घटनाबारे थप अनुसन्धान भइरहेको रौतहटका प्रहरी प्रमुख महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

# अभिभावक गुमाएकी रियाको उच्च शिक्षा प्राप्तिको चाहना अधुरै

काठमाण्डु । कराते खेलाडी रिया पुजाराले प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको सात महिना भए पनि 'प्लस टू'को प्रमाणपत्र भने लिन सकेकी थिइनन् । उनका सहपाठी स्नातक तहमा भर्ना भइसकेका छन् तर उनी भने घरमै थन्किएकी छन् ।

कञ्चनपुरको भीमदत्त नगरपालिका-१० गड्डाचौकीकी रियाले स्थानीय डायमण्ड पब्लिक ऐकेडेमीबाट 'प्लस टू' उत्तीर्ण गरेकी हुन् । उनी उक्त विद्यालयमा कक्षा ३ देखि पढ्न थालेकी हुन् । कक्षा ३ देखि हालसम्मको शुल्क तिर्न नसक्दा रियाले स्नातक तह पढ्न नपाएकी हुन् । यसबीचमा शैक्षिक प्रमाणपत्रका लागि उनी पटक-पटक विद्यालय धाइन् तर धेरै शुल्क रकम तिर्न बाँकी रहेकाले विद्यालयले शैक्षिक कागजात दिन मानेन ।

केही दिनअघि करातेका पूर्वप्रशिक्षक मकेन्द्रबहादुर सिंहले रियाको हालसम्मको शुल्क तिरिदिएपछि प्रमाणपत्र उनको हातमा परेको छ तर स्नातक तह पढ्न बाटो खुले पनि उनको कमजोर आर्थिक अवस्थाका कारण हालसम्म क्याम्पस भर्ना हुन सकेकी छैनन् । उच्च शिक्षा हासिल गर्न उनी आर्थिक जोहो कसरी गर्ने भन्ने चिन्तामा छन् ।

"कक्षा ३ देखि 'प्लस टू'सम्मको रु तीन लाख ६१ हजार शुल्क तिर्न बाँकी थियो", रियाले रासससँग भनिन्, "आर्थिक अवस्था कमजोर हुँदा शुल्क तिर्न सकेकी थिइनँ ।" पूर्वप्रशिक्षक सिंहले विद्यालयको रु दुई लाख ५० हजार शुल्क तिरेपछि रियाले सात महिनापछि विद्यालयबाट एसइई र 'प्लस टू' को प्रमाणपत्र पाएकी छिन् । अब उनी स्नातक तह पढ्नेबारे योजना बुन्दैछिन् ।

पछिल्लो समय अमेरिकामै बस्दै आएका पूर्वप्रशिक्षक सिंह यही फागुन पहिलो साता महेन्द्रनगरमा आयोजना गरिएको सुदूरपश्चिमप्रदेशस्तरीय सितोरियो करातेको दीक्षान्त समारोहमा भाग लिन आएका थिए । त्यही क्रममा रियाको सिंहसित भेट भयो । उनको आर्थिक अवस्थाका बारेमा कराते प्रशिक्षक बिमल खडायत, मदन नाथ र दीपक चन्दले कराते महासङ्घका केन्द्रीय उपाध्यक्षसमेत रहेका सिंहलाई अवगत गराए ।

"मकेन्द्र गुरु मेरो बारेमा जान्न बुझ्न घरमै आए", रियाले भनिन् । अवस्था अवगत भएपछि पूर्वप्रशिक्षक सिंहले विद्यालयमै पुगेर रियाको रु दुई लाख ५० हजार शुल्क तिरिदिए । विद्यालयले अढाइ लाख शुल्कमै शैक्षिक प्रमाणपत्र उपलब्ध गराएको उनले बताइन् । बाँकी रु एक लाख ११ हजार शुल्क उनको विद्यालयले मिनाहा गरिदियो ।

अठार वर्षीया रिया करातेकी पदकधारी खेलाडी हुन् । शुल्क तिर्न बाँकी रहेको कुरा उनले साथीभाइ र प्रशिक्षकहरुलाई अवगत गराएकी थिइन् तर कहीँकतैबाट पनि सहयोग जुटेन । "शैक्षिक प्रमाणपत्र लिन पटक पटक विद्यालय धाए, तर विद्यालय प्रशासनले शुल्क



नतिदर्ा दिन नसकिने बतायो", रिया भन्छिन्– "शुल्कका विद्यालयबाट फोन आउन थालेपछि दुई महिनासम्म मोबाइल बन्द गरेर बसेँ ।"

रिया करातेको ५० तौल समूहमा प्रतिस्पर्धा गर्दै आएकी छिन्। उनले २०७४ माघदेखि करोत खेल्न थालेकी हुन् । यसबीचमा रियाले छवटा पदक प्राप्त गरेको बताइन् । उनी हाल मधेस प्रदेशको बर्दिबासमा यही फागुन १८ गतेदेखि आयोजना हुने मिथिला राष्ट्रिय कराते प्रतियोगिताको तयारीमा जुटेकी छिन् । त्यसलगत्तै फागुन २४ गतेदेखि चितवनमा हुने प्रदेशस्तरीय कराते प्रतियोगिताका लागि उनी गड्डाचौकी डोजोमा तयारी गरिरहेकी छिन् ।

रियाको दैनिकी कष्टकर छ । उनका बुबा चञ्चलसिंहको डेढ वर्षअघि निधन भएपछि आर्थिक अवस्था नाजुक बनेको छ। उनका बुबा भारतमा सवारी चालक थिए । त्यही बापतको कमाइएले चञ्चलसिंहका चार सन्तानको जीविका चलेको थियो।"सम्पत्तिका नाममा डेढ कट्ठा जग्गा छ", उहाँले आफ्नो परिवारको अवस्थाबारे सुनाइन्। विद्यालयमा भर्ना भएदेखि नै विद्यालयको शुल्क बक्यौता रहँदा रियालाई अध्ययन गर्न सकस हुँदै आएको थियो । "मेरा साथीहरु स्नातक पढ्दैछन्, म भने कागजात जुटाउनमै रहेँ," उनले भनिन् । डायमण्ड विद्यालयमा उनीसँगै उनका भाइको पनि शुल्क तिर्न बाँकी थियो । डायमण्ड पब्लिक ऐकेडेमीमा कक्षा १२ सम्मको मात्र पठनपाठन हुन्छ । अब उनीसित माथिल्लो कक्षा पढ्न अर्को क्याम्पस भर्ना हुनुबाहेक विकल्प छैन । "मसित स्नातक तह पढ्न खर्च छैन," रियाले पीडा सुनाइन् ।

गड्डाचौकी कराते डोजोबाट कराते खेल्दै आएकी रियाले हालसम्म राष्ट्रिय प्रतियोगितामा रजत र कास्य पदक प्राप्त गरेकी छिन् । अब उनको धोको स्वर्ण पदक जित्नेछ । "बुबा बितेपछि खेलको नजिता आफ्नो पक्षमा पार्न सकिँन", उनले भनिन् । घरको आर्थिक अवस्था कमजोर हुँदा पढाइ मात्र होइन आफ्नो खेल पनि प्रभावित हुने गरेको रिया बताउँछिन् । कराते प्रशिक्षक मदन नाथ र दीपक चन्दको सहयोगले मात्र उनले खेललाई निरन्तरता दिन सकेकी छिन् ।

"बुबाले किनिदिएको खेल पोसाकका भरमा खेलिरहेकी छु", रियाले भनिन्, "कक्षा ११ र १२ पढाइ साथिभाइहरुसँग पुस्तक मागेरै सिध्याए ।" स्नातक तह पढ्नका लागि पूर्वप्रशिक्षक सिंहले सहयोग गर्ने आश्वासन दिएको उनले बताइन् । "खेल अभ्यास र पढाइसँगसँगै गर्न सहज हुने क्याम्पसको खोजीमा छु, अहिले नै कहाँ पढ्ने भन्नेबारे सोच्न सकेकी छैन", रियाले भनिन् ।

विसं २०५१ देखि २०६३ सम्म कराते प्रशिक्षकका रुपमा काम गरेका सिंहले रियालाई सक्दो सहयोग गर्ने बताए । उनले भने, "समस्यामा परेका खेलाडीलाई सहयोग गर्नु मेरो दायित्व हो, म उनलाई सक्दो सहयोग गर्छु ।" करातेको अनुशासित र सङ्घर्षशील खेलाडीको परिचय बनाएकी रियाको विद्यालयको शुल्क तिर्ने समस्या टरेपछि अब भने स्नातक तह कसरी पढ्ने भन्ने समस्या छ ।रासस

# 'मिथ्या सूचनाबाट राजनीतिक उपलब्धिमाथि प्रहार'

टुडे समाचारदाता

काठमाण्डु । पछिल्लो समयमा मिथ्या सूचनाबाट प्राप्त राजनीतिक उपलब्धिमाथि लगातार प्रहार हुन थालेको भन्दै चिन्ता व्यक्त गरिएको छ । सेन्टर फर मिडिया रिसर्च नेपालले शनिबार आयोजिना गरेको 'नेपालमा सूचनाको चलखेल र लोकतन्त्र' विषयक कार्यक्रममा सरोकारवालाले पछिल्ला समय गलत सूचनाका आधारमा सामाजिक सञ्जालमा गलत भाष्य स्थापित गर्न खोजिएको बताएका छन् ।

कार्यक्रममा 'सूचना चलखेल नियन्त्रणमा राजनीतिक दलहरुको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्दै पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले गलत सूचनाका माध्यमबाट लोकतन्त्र र लोकतान्त्रिक नेतृत्वविरुद्ध निरन्तर प्रहार हुन थालेको बताए । सूचनामा चलखेल नियन्त्रण गर्न राजनीतिक दलको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उनले दलका कार्यकर्ता तथा शुभेच्छुकको 'डिजिटल' ज्ञान बढाउने तथा सामाजिक सञ्जाल सञ्चालनको आचारसंहिता जारी गरी सोहीअनुसार प्रयोग गर्न कार्यकर्ता र समर्थकलाई आग्रह गर्नुपर्ने बताए ।

लोकतन्त्रले परिणाम दिन सक्दैन भन्ने भाष्य स्थापित गरेर दलहरुलगायत लोकतन्त्रका प्रमुख आधारस्तम्भ कमजोर भएका अवस्था र आमनागरिकमा व्याप्त निरासाको मौकामा केही तत्वले यिनै पक्षलाई उचालेर



लोकतन्त्रमाथि प्रहार गर्न सक्नेतर्फ पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेलले सचेत गराए ।

"देशमा नैरश्यता किन बढ्यो र देशको राजनीतिक संवेदशनीलता कहाँ र के कस्ता छन्, त्यसको नियमित लेखाजोखा गरेर त्यसलाई सम्बोधन गर्ने साझा रणनीति बनाउनुपर्छ", दलहरुको ध्यानाकर्षण गराउँदै उनले भने, "सबैले तत्कालीन स्वार्थभन्दा माथि उठेर आ-आफ्ना तहबाट के गर्न सकिन्छ गरौं, विद्यमान निराशाको बादल तोडेर सकारात्मक बाटो देखाउँदै आशा जगाउन सकौं ।"

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले सामाजिक सञ्जालमा आएका मिथ्या सूचनामा भर पर्न नहुनेमा जोड दिँदै मिथ्या सूचनाको संवेदनशीलताका बारेमा विद्यालय तहबाटै सचेत बनाउनुपर्ने बताए । "विद्यालय, समुदाय र परिवार नै बढ्ता जिम्मेवार हुनुपर्छ, कस्ता सूचना ग्रहण गर्ने, कस्ता सूचना बहिष्कार गर्ने भनी जानकार र जागरुक हुनुपर्छ", उनले भने ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष विष्णु पौडेलले सामाजिक सञ्जालले लोकतन्त्रको विकासमा सहयोग गर्नुपर्छ भन्दै यसमा सरोकारवालाबीच घनिष्ठ सहकार्यको आवश्यकता औंल्याए । "गलत सूचनाले विभिन्न समस्या सृजना गरेका छन्, सामाजिक सञ्जालले ल्याएका चुनौती समाना गर्न सबै तयार हुनुपर्छ", उनले भने ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपाध्यक्ष अग्निप्रसाद सापकोटाले गलत सूचनाको चलखेल रोक्न राजनीतिक दल, सञ्चारमाध्यम र सामाजिक अभियान्ताको महत्वपूर्ण भूमिका रहेको बताए । "मिथ्या सूचनाविरुद्ध सिङ्गो समाज एक ठाउँमा उभिनुपर्छ, यसलाई बेलैमा नियन्त्रण नगर्ने हो भने लोकतन्त्र हाम्रो हातबाट बाहिर जान सक्छ", उनले भने । कार्यक्रममा विभिन्न राजनीतिक पार्टीबाट प्रतिनिधित्व गर्ने सांसदहरुले भ्रमपूर्ण सूचनाले सिङ्गो समाजलाई नै प्रभावित तुल्याएको उल्लेख गर्दै यसविरुद्ध एक भएर प्रस्तुत हुनुपर्नेमा जोड दिएका थिए ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : धन वृद्धि सञ्चय । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




सर्लाहीको बागमती नगरपालिका-११ मा आयोजित वृहत क्षैक्षिक तथा साँस्कृतिक महोत्सवका अवसरमा शनिबार निकालिएको र्‍यालीमा सहभागीहरु। *तस्बिरःरासस*

# ‘सब-ए-बारात’ पर्व मनाउँदै मुस्लिम समुदाय

**टुडे समाचारदाता**

जनकपुरधाम। इस्लाम धर्मावलम्बीले आज ‘सब-ए-बारात’ पर्व धुमधामका साथ मनाउँदै छन्।

इस्लाम धर्मावलम्बीहरुले ‘सब-ए-बारात’मा रातभर जाग्राम बसेर सामूहिक नमाज पढ्ने, कुरयान खानि, फतिहा गराउने तथा कब्रिस्तान(चेहानस्थल)मा गएर मृत्यु भएका आफ्ना आफन्त परिवारजनको लागि दुआ प्रार्थना गर्ने गर्छन्।

‘सब-ए-बारात’को १० दिनअघि देखि मुस्लिम सामुदायका व्यक्तिहरुले आफ्नो घरको सरसफाईदेखि कब्रिस्तानको सरसफाई गर्ने गर्छन्। ‘सब-ए-बारात’को राति चाना, सुजिसहितका हलुवा बनाई फतिहा गराउने चलन छन्।

त्यस्तै, धार्मिक गुरुहरुलाई घरमा बोलाई कुरयान खानि( कुरयान पढाउने), मिलाद गर्ने, गरिब विपन्नहरुलाई घरमा बोलाई मिठो परिकार खुवाउने तथा उनीहरुलाई दानदक्षिणा दिने गर्छन्।

‘सब-ए-बारात’मा रातभरि जाग्राम बसेर धार्मिक क्रियाकलाप गरेको खण्डमा अल्लाह खुसी हुने र व्यक्तिले चिताएको कुरा अल्लाह पूरा गर्ने तथा विगतमा गरेका पापहरुको अल्लाहले माफ गरिदिने धार्मिक विश्वास रहेको इस्लामिक धार्मिक गुरु मोफ्ति उसमान बरकातिले बताए।

जनकपुरधामका समाजसेवी तथा युवा नेता ईद मोहम्मद साफी(जानी खान)ले भने,‘ ‘सब-ए-बारात’ भनेको ईबादत( धर्मकर्म) को राति हो, यो राति मान्छेले जति धर्म गर्छन, त्यो अन्य दिनको तुलनामा ७० गुणा बढी पुण्य पाउँछन्।

त्यसैले यसलाई मुस्लिम समुदायले ‘सब-ए-बारात’लाई धुमधामका साथ मनाउने गर्छन्। ‘सब-ए-बारात’को सम्पन्न भएको १५ दिन पछि रामजान पर्व सुरु हुने गर्दछ।

# स्थानीय भन्छन् - झोलुङ्गे पुल त बन्यो अब मोटरेबल पुल कहिले ?

जनकपुरधाम। धनुषा र सिरहा जोड्ने हुलाकी सडकअन्तर्गत कमला नदीमाथि मोटरेबल पुल निर्माण सुरु भएको १२ वर्ष बितिसक्दा पनि पूरा भएको छैन। तर सोही निर्माणाधीन पुल नजिकै नेपालकै सबैभन्दा लामो ‘कठाल मल्हनिया मल्टिस्पान’ झोलुङ्गे पुल सम्झौता अवधिभन्दा झण्डै छ महिनाअघि सम्पन्न भएको छ।

धनुषाको जनकनन्दिनी गाउँपालिका-६ कठाल र सिराहा नगरपालिका-१३ मल्हनिया जोड्ने सो पुल निर्माण सक्नुपर्ने अवधि २०८१ साल असार ११ सम्म थियो। निर्माणको जिम्मा पाएको श्री सपना/उमा एण्ड कम्पनी र थानी जेभी बत्तिसपुतली काठमाडौँले समय अगावै अर्थात् गत माघ १८ गते नै पुल निर्माण पूरा गर्‍यो। सोही पुलको प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आज विधिवत् उद्घाटन गर्नुभयो।

त्यस अवसरमा प्रधानमन्त्री दाहाललाई स्थानीय र जनप्रतिनिधिले अब कमला नदीमाथिको निर्माणाधीन मोटरेबल पुललाई छिटोभन्दा छिटो टुङ्ग्याउने गरी पहलकदमी लिन आग्रह गर्नुभयो। “नदी तर्नका लागि त यो पुलले निकै सजिलो भएको छ तर मोटरगाडी नचल्ने भएकाले हाम्रा ठूला दुःख त बाँकी नै छन्। छिट्टै पुल निर्माण हुन्छ भन्ने आशा छ”, स्थानीय ८३ वर्षीय सत्यनारायण साहले भन्नुभयो।उहाँले नजिकैको पुल समय अगावै पूरा हुने र अर्को पुल १२ वर्षसम्म पनि पूरा नहुने भन्दै समस्या समाधान गर्न सरकारले ध्यान दिनुपर्नेमा जोडा दिनुभयो।

“बजेट छैन भने सरकारले दिनुपर्‍यो। बजेट भएर पनि काम गरेको छैन भने ठेकेदारलाई छिटो गर्न भन्नुपर्‍यो”, उहाँले भन्नुभयो, “हामी झोलुङ्गे पुल बने पनि उताको दुःख कसरी बिर्सिन सक्छौँ ?”

स्थानीय राजुदेवी दासले पनि झोलुङ्गे पुलले केही राहत भए पनि वर्षौंदेखिको समस्याबाट मुक्तिका लागि उत्तम विकल्प मोटरेबल पुलको निर्माण नै भएको बताउनुभयो। उहाँले प्रधानमन्त्री नै आएकाले अब मोटरेबल पुल चाँडो बन्ने आशा जागेको बताउनुभयो। “झोलुङ्गे पुलले नजिकका बस्ती, साइकल,



मोटरसाइकलमा जानेलाई केही राहत भयो तर गाडी चल्ने पुल निर्माण नहुँदा सबै समस्या समाधान भएका छैनन्। त्यसैले त्यो पुल चाँडै बनाउनका लागि भन्नुपर्छ”, दासले रासससँग भन्नुभयो। दासको जस्तै भनाइ छ स्थानीय सरस्वतीदेवी दासको पनि। कमला नदीमा पानी बढेकाबेला जोखिम मोलेर जानुभन्दा झोलुङ्गे पुलको प्रयोग गर्नु आफूहरूका लागि सुरक्षित भएको उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, “यो पुल निर्माण भएकोमा सरकारलाई धन्यवाद छ। अब १२ वर्षसम्म बन्न नसकेको पुल पनि चाँडै बनोस भन्ने चाहना छ। प्रधानमन्त्री नै आउनुभएपछि केही आशा पलाएको छ।”

सत्यनारायण, राजुदेवी र सरस्वती मात्रै होइन धनुषा निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य रामकृष्ण यादव र प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री कृष्णप्रसाद यादवले पनि प्रधानमन्त्री दाहाललाई हुलाकी सडकअन्तर्गतको मोटरेबल पुल चाँडो निर्माणका लागि पहलकदमी लिन आग्रह गर्नुभयो।

पूर्वमन्त्री एवं प्रतिनिधिसभा सांसद यादवले हुलाकी सडकअन्तर्गत कमला नदीमाथि बनिरहेको पुल यथाशीघ्र निर्माणका लागि निर्देशन दिन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, “निर्माण सुरु भएको वर्षौसम्म पनि कमला नदीमाथि मोटरेबल पुल बन्न सकेको छैन। प्रधानमन्त्रीले त्यसबारे जानकारी लिइ तत्काल निर्माण सम्पन्न गर्न निर्देशन दिन आवश्यक छ। त्यसका लागि म ध्यानाकर्षण गराउन चाहन्छु।”उहाँले कमला नदीकै कारण स्थानीयको उर्वरभूमि काम नलाग्ने अवस्थामा रहेकाले सुक्खाग्रस्त क्षेत्र घोषणा गरी राहत तथा मुआब्जाको व्यवस्था, मानवबस्ती तथा बाँकी भूभागको संरक्षणका लागि पक्की तटबन्ध निर्माणका लागिसमेत आग्रह गर्नुभयो।

मधेस प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री यादवले मधेसमा रहेका बाटो, सिँचाइ तथा नदी कटान, शिक्षा तथा स्वास्थ्य क्षेत्रका समस्यालाई सम्बोधन गर्नेगरी आगामी आर्थिक वर्षमा पर्याप्त बजेट विनियोजन गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो।

“समथर र उर्बर भूमि भएर पनि मधेस प्रदेशमा समस्यामा छन्।

आगामी आवको बजेटमा आवश्यक रकम बिनियोजन गरी यहाँका सम्भावना र समस्या सम्बोधनका लागि पहल हुनेमा विश्वास छ”, मन्त्री यादवले प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभयो।

जवाफमा प्रधानमन्त्रीले मधेसको विकास नभई मुलुक विकास नहुने भन्दै मधेसको विकासमा आफू निरन्तर लागिपर्ने प्रतिबद्धता जनाउनुभयो। उहाँले हुलाकी सडकअन्तर्गत कमला नदीमा निर्माण भइरहेको मोटरेबल पुलको समस्या समाधान गर्न आफूले पहल गर्ने बताउनुभयो। “यो झोलुङ्गे पुलले धनुषा र सिरहाका जनतालाई धेरै ठूलो राहत पुर्‍याएको छ। वर्षायाममा यहाँका जनताले भोग्नुपर्ने समस्या अन्त्य भएको छ”, प्रधानमन्त्री दाहालले भन्नुभयो, “भत्केको पुलका विषयमा पनि मेरो गम्भीर ध्यानाकर्षण भएको छ। त्यहाँको समस्या समाधानका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा उचित व्यवस्थापन गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्न चाहन्छु।”

प्रधानमन्त्री दाहालले कमला नदीमा पक्की तटबन्ध नभएका कारण खेतीयोग्य जमिन बगरमा परिणत भएकाबारे ध्यानाकर्षण भएको बताउँदै तराईमा सिँचाइ विस्तार गरी उत्पादकत्व वृद्धि गर्न सरकारले सहयोग गर्ने बताउनुभयो।

**देशभर १० हजारभन्दा बढी झोलुङ्गे पुल**

त्यसअवसरमा सहरी विकासमन्त्री सीता गुरुङले आधारभूत सेवा प्रवाहका लागि आवश्यक पुलको पहिचान गरी तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने योजनाका साथ सरकारले काम गरिरहेको बताउनुभयो।

उहाँले हाल तीनै तहका सरकार र दातृ निकायसमेतको सहयोगमा देशभर १० हजार चार सय १० वटा पुल निर्माण भइसकेका र चालु आर्थिक वर्षमा छ सय पुल निर्माण गर्ने लक्ष्यका साथ काम भइरहेका जानकारी दिनुभयो। सहरी विकास मन्त्रालयका सचिव मणिराम गेलालले सरकारले विसं २०७५ मा सार्वजनिक तुइनलाई प्रतिस्थापन गर्न ल्याएको नीतिअनुसार हाल एक सय ४३ मध्ये तीन वटा तुईन मात्र प्रतिस्थापन गर्न बाँकी रहेको बताउनुभयो।

उहाँले हाल झोलुङ्गे पुलको प्रविधि र सीपका क्षेत्रमा अन्य देशलाई सहयोग गर्न आफूहरू सक्षम भएको र नेपालले ताञ्जेनिया, इथियोपियाजस्ता देशलाई प्राविधिक सहयोगसमेत उपलब्ध गराएको बताउनुभयो। सरकारको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमको बुँदा नं ७६ मा ‘आगामी तीन आर्थिक वर्षभित्र बढीमा एक घण्टा हिँडाइको दूरीमा झोलुङ्गे पुल निर्माण गरिने’ र बजेट वक्तव्यको बुँदा नं ३३५ मा ‘दुर्गमा क्षेत्रमा आवागमन सहजता एवं सम्भाव्यताका आधारमा झोलुङ्गे पुल निर्माणलाई अघि बढाइने र छ सय झोलुङ्गे पुल निर्माण सम्पन्न गरिने’ उल्लेख छ।

आवागमन सहजताका लागि झोलुङ्गे र अन्य पुल निर्माण गर्ने सरकारको नीतिअनुसार धनुषा र सिरहा जोड्ने सो झोलुङ्गे पुल विसं २०७९ मा निर्माण सुरु भएको थियो। एक हजार पाँच सय दशमलव ४४ मिटर लामो यो पुल ठेक्कामार्फत करिब २५ करोड ८० लाख र सस्पेन्सन ब्रिज डिभिजन कार्यालय पुल्चोकले उपलब्ध गराएका रु तीन करोड पाँच लाख बराबरको लठ्ठालगायत सामग्रीको लागतमा पुल निर्माण गरिएको हो।

पाँच सय ४० मेट्रिकटन भारवहन क्षमता (करिब ३८८६ पैदलयात्री) को यो पुलको चौडाइ चार फिट रहेको छ। यस हिसाबले चौपाया, साइकल र मोटरसाइकल आवागमन गर्न सहज भएको छ। पूर्वपश्चिम राजमार्गबाहेक यस क्षेत्रमा नदी तर्ने अर्को विकल्प थिएन। विसं २०६८ मा तीन वर्षभित्र निर्माण गरिसक्ने सम्झौता भएको हुलाकी सडकअन्तर्गत कमला नदीमाथिको पुल अहिलेसम्म बनेको छैन। पुल अन्तिम चरणमा पुगेको भनिएका बेला विसं २०७८ असार र कात्तिकमा आएको बाढीले पुल भाँसिएपछि थप समस्या भएको छ।

नेपालकै लामो झोलुङ्गे पुल निर्माण भएपछि यहाँका नागरिक उत्साहित भएका छन्। यसअघि नेपालकै लामो मानिएको कञ्चनपुरको महाकाली नदीमाथिको ‘दोधारा चाँदनी मल्टिस्पान पुल’ को लम्बाइ एक हजार ५२ दशमलव ९६ मिटर रहेको थियो।रासस

# नापतौल यन्त्र ठगी गर्नेलाई जरिबाना

टुडे समाचारदाता

बागमती। नापतौल यन्त्रको जाँचमा अनियमितता तथा तौलमा ठगी गर्नेलाई कारबाही गरी जरिबाना गरिएको छ। नापतौलका क्रममा ठगी गर्ने, समयमा नापतौल यन्त्रको जाँच नगराउने सात सय ८६ व्यवसायी तथा उद्योगीलाई कारबाही स्वरुप जरिबाना गरिएको हो।

गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्जले चालू आर्थिक वर्षको सात महिनामा सो कारबाही गरेको जनाएको छ। सो कार्यालयवाट विभिन्न समयमा बजार क्षेत्रमा खटिएका कर्मचारी तथा उजुरीका आधारमा उक्त स⸗्यामा कारबाही गरिएको कार्यालय प्रमुख मनिषकुमार दासले जानकारी दिए।

उनका अनुसार कार्यालयले चालू आवको उक्त अवधिमा सात सय ६६ व्यवसायी तथा उद्योगीलाई नापतौल यन्त्र सञ्चालनका लागि नयाँ इजाजतपत्र प्रदान गरिएको छ।

कार्यालयबाट प्राप्त तथ्याङ्कअनुसार मकवानपुर, चितवन, पर्सा, बारा तथा रौतहट जिल्लाका व्यवसायी तथा उद्योगीलाई



२०८०/८१ को साउनदेखि माघसम्ममा सो इजाजतपत्र प्रदान गरिएको जनाइएको छ।पाँच जिल्ला कार्यक्षेत्र रहेको सो कार्यालयले सात महिनाको अवधिमा ३४ व्यवसायीको नापतौल यन्त्रको नवीकरण, दुई हजार पाँच सय १६ व्यवसायीको यन्त्रको जाँचसमेत गरिएको प्रमुख दासले जानकारी दिनुभयो। उनका अनुसार एक सय ५५ पेट्रोलियम पदार्थ बिक्री गर्ने पम्पको जाँच, चार सय ८६ पम्पको नोजल जाँचलगायत जाँच गरिएको छ।

सो अवधिमा कार्यालयका कर्मचारीबाट विभिन्न बजारक्षेत्रको १० स्थानमा डोर सञ्चालन, एकल अनुगमन २० पटक र नौ पटक संयुक्त अनुगमन भएको थियो।

चालू आवको हालसम्म रु ७३ लाख सात हजार आठ सय ५९ राजश्व सङ्कलन भएको कार्यालयका सूचना अधिकारी सञ्जीव ठाकुरले जानकारी दिए।हेटौँडाको औधौगिक क्षेत्रमा रहेको नापतौल विभागको ट्याङ्कर ‘क्यालिविरेशन’को कार्यालयमा भौतिक साधन, बजेट तथा कर्मचारीको अभावले काम गर्न समस्या भइरहेको कार्यालयका अधिकृत नयन आचार्यले बताए।

# निष्ठा र समर्पण भावका साथ काम गर्न निर्देशन



टुडे समाचारदाता

काठमाण्डु। प्रधान सेनापति प्रभुराम शर्माले युवा वर्ग नै राष्ट्रको भविष्य भएको र राष्ट्रप्रतिको उनीहरुको माया, समर्पणभाव र निष्ठाले नै हाम्रो राष्ट्र, राष्ट्रियता, भाषा, संस्कृतिलगायत सबै पक्ष बलियो हुने बताएका छन्।

राष्ट्रिय सेवा दल मध्य तालिम शिक्षालय, नवलपरासीमा शनिबार आयोजित सिनियर डिभिजन तालिमको दीक्षान्त कवाज समारोहमा प्रधान सेनापतिले राष्ट्र, राष्ट्रियता र भाषाको संरक्षण र संवर्द्धन गर्नुपर्नेमा जोड दिए।

प्रधान सेनापतिले राष्ट्रिय सेवा दलका क्याडेटहरूले आफ्नो तालिमको दौरान हासिल गरेका सैनिक कला, विपद् जोखिम न्यूनीकरण, नेतृत्व तथा व्यक्तित्व विकास, राष्ट्रियता, सामाजिक उत्तरदायित्व तथा अनुशासनसम्बन्धी विविध सैद्धान्तिक तथा व्यावहारिक ज्ञानले भविष्यमा आउनसक्ने प्रतिकूल परिस्थितिलाई सहजरुपमा सामना गर्न सहयोगी हुने विश्वास व्यक्त गरे।

राष्ट्रिय सेवा दलका कार्यकारी महानिर्देशक उपरथी सुरेशकुमार कार्कीले राष्ट्रिय सेवा दलको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो।

राष्ट्रिय सेवा दलका पूर्वकार्यकारी महानिर्देशक उपरथी रमिन्द्र क्षेत्री, रथीवृन्द तथा अधिकृतहरू, नवलपरासी जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, प्रधानाध्यापक तथा अभिभावकहरू, सञ्चारकर्मीलगायत उपस्थित थिए।

प्रधान सेनापतिले सर्वोत्कृष्ट क्याडेटलाई पुरस्कार वितरण गरे। शनिबार पाँच सय ६६ जना दीक्षित भएका छन्।

विसं २०२२ मा स्थापित राष्ट्रिय सेवा दलबाट हालसम्म सिनियर डिभिजन तथा जुनियर डिभिजन गरी ७३ हजार दुई सय ७३ जनाले राष्ट्रिय सेवा दल तालिम लिएका छन्।

# प्रसूतिगृहबाट नवजात शिशु चोरी गर्ने महिला सार्वजनिक

टुडे समाचारदाता

काठमाण्डु। काठमाडौँको थापाथलीस्थित परोपकार प्रसूतिगृह तथा स्त्री रोग अस्पतालबाट शुक्रबार नवजात शिशु चोरी गर्ने महिलालाई प्रहरीले शनिबार सार्वजनिक गरेको छ।

शिशु चोरीमा संलग्न दैलेख नौमूले गाउँपालिका-१ घर भई हाल काठमाडौँ काँडाघारी बस्ने २४ वर्षीया मनकुमारी सिंहलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए।

उनका अनुसार उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीको टोलीले शुक्रबार राति




निज बस्ने कोठाबाट पक्राउ गरी शनिबार सार्वजनिक गरेको हो।

चोरी गरिएकी शिशुलाई उद्धारपछि आफन्तको जिम्मा लगाई अहिले काठमाडौँ मेडिकल कलेज सिनामङ्गलमा उपचार भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ।

उक्त घटनामा प्रहरीले थप अनुसन्धान गरिरहेको प्रवक्ता एवं प्रहरी उपरीक्षक अधिकारीले बताए।

काभ्रेपलाञ्चोकको चौरी देउराली गाउँपालिका-३ घर भई हाल काठमाडौँको कपन बस्दै आएकी २२ वर्षीया सविना श्रेष्ठले शुक्रबार दिउँसो प्रसूतिगृहबाट २६ दिनको आफ्नो शिशु चोरी भएको भन्दै प्रहरीलाई सूचना दिएलगत्तै प्रहरीले खोजी सुरु गरेको थियो।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# दीर्घकालीन परिणाम हेनुपर्छ

नेपालको सबै भन्दा पुरानो, विश्वस्तरमा विश्वसनीय र देशमा सर्वाधिक सञ्जाल रहेको त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा पहिलो पटक खुल्ला प्रतिस्पर्धाबाट सक्दो निष्पक्ष चयन गरिएको छ। त्रिभुवन विश्वविद्यालय नेपालको शिक्षा क्षेत्रमा सर्वाधिक योगदान दिएको विश्वविद्यालय हो। देशमा एकमात्र विश्वविद्यालय रहेको बेला पनि त्रिभुवन विश्वविद्यालय नै थियो। पूर्ण रुपमा सरकारी स्वामित्वमा सञ्चालन भइरहेको विश्वविद्यालयमा भने पछिल्लो केही वर्षदेखि निकै विकृतिहरु देखिएका छन्। विश्वविद्यालय अन्तर्गतका कयौं विद्यालयहरुमा विद्यार्थी रहे पनि पठनपाठन हुँदैन। क्याम्पसका प्राध्यापकहरुले निजी क्याम्पसहरुमा पूरा समय दिने गरेका छन्। त्रिविविको कयौं संकायमा विद्यार्थी छैनन्। प्राध्यापकहरुले तलब, सुविधा पाइरहेका छन। विद्यार्थी पढ्न नरुचाउने कयौं संकायहरु छन्।त्यो पनि कयौं वर्षदेखि चल्दै आएको छ। त्रिविविको शैक्षिक गुणस्तर कमजोर हुनुको प्रमुख कारण अनावश्यक राजनीति र सरकारी हस्तक्षेप हो। समयमै ध्यान नदिँदा विश्वविद्यालयको दुरावस्था भएको छ।त्रिविविमा अनावश्यक बन्द, हड्ताल र धर्नाले पनि पठनपाठन निकै प्रभावित भएको छ। उतीर्णांक बढाउन रकमको चलखेल हुने गरेको छ। त्रिविविले आफ्नो माटो सुहाउँदो पाठ्यक्रमको विकास नै गरेको छैन। त्यसका लागि निरन्तर अनुसन्धान र प्रयोगहरु भइरहनुपर्छ। अन्य देशको नक्कल गरेर मात्र पाठ्यक्रम बनाउँदा नेपालीहरु अदक्ष कामदारको रुपमा विदेशिन बाध्य भए। नेपालमा अध्ययन गरेर भविष्य बन्ने सम्भावना नदेखेका हजारौं युवाहरु हरेक वर्ष अध्ययनका लागि विदेशिदै छन्। यसरी विदेशिनेमा त्रिविवि र त्यस मातहतका क्याम्पसका प्राध्यापकहरुको सन्तान पनि धेरै छन्। नेपालमा स्तरीय शिक्षा नहुँदा विद्यार्थी बाहिर जादा भारी मात्रामा विदेशी मुद्रा पनि विदेश गइरहेको छ। विदेश पढ्न जाने विद्यार्थीहरु मध्ये काम गर्न सक्ने उमेर सम्म उतै बस्छन्। छिमेकी देश भारतमा तीन वर्षे स्नातक छ। नेपालमा चार वर्षे स्नातक छ। नयाँ नियुक्त भएका उपकुलपतिले फेरि त्यसलाई तीन वर्षे बनाउने बताएका छन्। चार वर्षे कोर्स अध्ययन गरेका विद्याथीहरु त सोझै मर्कामा पर्ने छन्। उपकुलपति नियुक्त भएकै दिन चार वर्षे स्नातकलाई तीन वर्षे गर्ने धारणा व्यक्त गर्नु हतार त होइन। पाठ्यक्रम बनाउँदा अमेरिकाको नक्कल भन्दा छिमेकी भारतको नक्कल गर्नु उपयुक्त हुनेछ। तर सबै भन्दा उपयोगी आफ्नो देशको आवश्यकता अनुसारको पाठ्यक्रम बनाउँदा स्वदेशमा रोजगारी बढ्ने निश्चित हुनेछ। नवनियुक्त उपकुलपतिले यसतर्फ ध्यान दिनु आवश्यक छ।

# पाकिस्तानमा सेनाको सत्तामा बर्चस्व



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

पाकिस्तानमा लोकतान्त्रिक व्यवस्था छ। तर, पाकिस्तानको सन्दर्भमा के भनिन्छ भने, सिक्काको एक पाटोमा सेना छ भने अर्को पाटोमा सत्ता छ। अर्थात, पाकिस्तानमा सत्ता सेनाको प्रभावबाट मुक्त हुन नसककेको भन्दा अतिशयोक्ति नहोला। सो मुलुकमा लोकतान्त्रिक विधिबाट चुनिएका प्रधानमन्त्रीले सेनाको सल्लाहलाई अस्वीकार गरेको खण्डमा कुनै न कुनै प्रक्रियाबाट पदबाट हटाइएको छ। हटाइएका प्रधानमन्त्रीलाई कारागार वा विदेशमा निर्वासित हुनुपरेको छ। सेना प्रमुखलाई हटाइएका प्रधानमन्त्रीबाट खतरा देखिएपछि उनलाई कुनै न कुनै अभियोगमा पक्राउ गरी फाँसीको सजायपनि भोग्नुपरेको विगतका घटनाहरुले पुष्टिगरेको छ।

सन् १९५३मा अहमदिया मुश्लिम विरुद्ध दङ्गा भयो। त्यो दङ्गाले गर्दा व्यापक रुपमा जनधनको क्षतिपछि प्रधानमन्त्रीले मार्शल लाँ लागू गरी सेनालाई उतारेको थियो। त्यो बेलामा जनतामाथि अप्रत्यक्ष रुपमा शासनगर्ने अवसर प्राप्त भएको थियो। त्यो बेलामा सेनाले सत्ताका स्वाद पाइसकेको थियो। भनिन्छ, बाघ मानिसको रगतको स्वाद र सेनाले सत्ताको स्वाद पाएपछि हत्तपत्त विर्सदैनन्। पटक पटक दोहराउने अवसरको खाजीमा रहन्छ। सो घटनाको चार बर्ष नवित्दै पाकिस्तानमा पहिलोपल्ट सेनाले १९५७ मा प्रधानमन्त्री फिरोज खान नुनको सरकारलाई हटाएर सेना प्रमुख अयूब खाँले सत्तामा माथि कब्जा गर्यो। उनले मार्शल लाँ लागू गरेको थियो। १९६७ मा सेना प्रमुख याह्या खाँले सत्ता कब्जा गर्यो। सन् १९७१मा भारत र पाकिस्तानको युद्धपछि बङ्गलादेशको जन्म भयो। त्यसपछि, सन् १९७३ मा पाकिस्तानको नयाँ संविधान जारी भयो। पाकिस्तान पिपुल्स पार्टीका नेता जुल्फिकर अलि भुट्टो १४अगस्तको प्रधानमन्त्री बनेका थिए। सन् १९७७ मा सेना प्रमुख जियाउल हकले उनलाई अपदस्त गरी सत्ता आफ्नो हातमा लिएको थियो। विधिवत रुपमा दोश्रोपटक सेना सत्ता आफ्नो हातमा लिएका थिए। एकजनाको हत्याको अभियोगमा भुट्टोलाई पक्राउ गरी फासीको सजाय दिएको थियो। तेस्रोपटक, सन् १९९९ मा सेना प्रमुख परवेज मुशर्रफले सत्तामाथि कब्जा गर्यो। उतिखेर, प्रधानमन्त्री नवाज शरीफ थिए। उनलाई विदेशमा शरण लिनुपरेको थियो। मुशर्रफ २००८सम्म सत्तामा रह्यो। प्रत्यक्ष रुपमा सेना पाकिस्तानमा ३५ बर्षसम्म शासन गरेका छन्। अव, सेनाले पर्दापछाडि बसेर सरकारमाथि नियन्त्रण राख्छन्। नमान्नेलाई सत्ताबाट हट्नु पर्दछ। सन् २०२२मा तत्कालीन प्रधानमन्त्री इमरान खानको तत्कालीन सेना प्रमुख कमर जावेद बाजवासँग मतभेद हुदा सरकारबाट हट्नु पर्यो। अहिले उनी १४ बर्षको लागि कारागारमा छन्। उनको पार्टीमाथि प्रतिबन्धपनि लाग्यो। सेनाको कृपा भएमा अदालतबाट निस्कनमा बेर लाग्दैन्। किनभने, यसअघि, सर्वोच्च अदालतले परवेज मुशर्रफलाई फासीको सजाय सुनाएको थियो। सेनाले सो आदेशप्रति सामान्य असहमति जनाउँदा परवेजलाई स्वास्थ्य उपचारको लागि अदालतले अनुमति दियो। उनी विट्रेनस्थित आफ्नो घरमै बसे, मृत्युनजिक पुग्दा पाकिस्तान फर्केका थिए। २०१७ सालमा पनामा पेपर लिकका साथै तोषाखानाको उपहार बेचेलगायतको अभियोगमा तत्कालीन प्रधानमन्त्री नवाज शरीफलाई १४ बर्षको जेल सजाय भएको थियो। केहीदिन पछि उपचारको लागि विट्रेन पुगेपछि उनी त्यहाँस्थित आफ्नो निवासमै बसे। पाकिस्तानका पूर्वप्रधानमन्त्रीहरु, सेना प्रमुखहरु र उच्चपदस्थ कर्मचारी र अधिकांस नेताको खासगरी विट्रेन, अमेरिका, सउदी अरबलगायतका मुलुकमा निजि आवास छ। इमरानसँग सेनाको सम्बन्ध चिसिँएपछि पुनः नवाजलाई मुलुक फर्काउनका लागि सेनाले पहल गर्यो। सर्वोच्च अदालतबाट चौंध बर्षको सजाय पाएका नवाजको मुद्धामा जमानत र बदरपनि भयो। त्यसपछि, नवाज चुनाव लडेर साँसदमा निर्वाचितपनि भएका छन्। यसबाट स्पष्ट हुन्छ कि पाकिस्तानमा सेनाले सत्ताका साथै न्यायपालिकामाथि पनि बर्चस्व कायम गरेको छ। आफूलाई हटाउनमा सेनाको भूमिका रहेको स्वयं इमरान खानले पत्रकारहरुबीच सार्वजनिक गरेको थियो। पञ्जाव प्रान्तको मुख्यमन्त्री छनोटमा सेना प्रमुख कमर जावेद बाजवाको कुरा नसुनेपछि सम्बन्ध विग्रन थाल्यो। अन्ततः इमरानलाई प्रधानमन्त्रीबाट हटाइए। हटाउने प्रक्रिया संविधानसम्मत नै थियो। इमरानलाई समर्थन गरेका साना दललाई समर्थन फिर्ता लिन सेनाले बाध्य पारेको चर्चा छ। त्यसको प्रत्यक्ष फाईदा शहवाज शरीफलाई भएको थियो। सन् १९४७मा पाकिस्तानी सेनाको स्थापना विट्रिस इन्डियन आर्मीबाट भएको थियो। त्यो वेलामा सो सेनाको बिट्रिस नै पहिलो सेना प्रमुख थियो। पाकिस्तानी सेना सत्तामा दख्खल दिनुको मुख्य प्रमुख तीन कारण देखिन्छ। पहिलो भारतसँग युद्धको खतरा, विदेश नीतिलाई सेनाले नियन्त्रणमा राख्न खोज्नु र तेस्रो आफ्नो हितको रक्षा गर्नु।पाकिस्तानमा सेनाको प्रत्यक्ष र अप्रत्यक्ष रुपमा राज्यसत्तामा हस्तक्षेपका साथै व्यापारमा पनि धेरै बढी सक्रिय छन्। सरकारसँग जग्गा लिएर आवासीय भवन बनाएर बेच्ने, फलाम, सिमेन्टका उत्पादनका साथै खानपिनका सामान, साबुन, तेल, कपडा, पिठो, मासुका साथै पाउरोटी व्यवसायमा पनि सेनाको संलग्नता छ। भनिन्छ, आर्थिक रुपमा सेना सवैभन्दा सशक्त छन्।



### पाकिस्तानको निर्वाचन र बङ्गलादेशको जन्मको चर्चा

सन् १९४७ मा भारतको विभाजन हुँदा बङ्गाल प्रान्तको मुश्लिम बहुल पूर्वी क्षेत्र पाकिस्तानमा पर्यो। त्यो क्षेत्रलाई उतिखेर, पूर्वी पाकिस्तान भनिन्थ्यो। सत्ता, सेनालगायत प्रायः अन्य सवै क्षेत्रमा अहिलेका पाकिस्तानीहरुकै आधिपत्य थियो। पूर्वी पाकिस्तानका वासिन्दा पीडित, अपहेलितका साथै राष्ट्रको मूलधारसँग नजोडिएको अवस्थामा थियो।

सन् १९७० मा पाकिस्तानमा सम्पन्न निर्वाचनमा शेख मुजिब रहमानको पार्टी अमाबी लिगले बहुमत प्राप्त गरेको थियो। उनी पूर्वी पाकिस्तान अर्थात अहिलेको बङ्गलादेशको वासिन्दा थिए। एक बङ्गाली भाषि पाकिस्तानको प्रधानमन्त्री हुने ? पाकिस्तानी नेताहरुलाई यी चुनावी नतिजा अपाच्य भयो। सेना, निर्वाचन आयोग र कर्मचारीहरुमा पाकिस्तानीहरुकै पकड थियो। बङ्गालीलाई प्रधानमन्त्री बन्न नदिने भनेर निर्वाचन परिणाम नै बदर गरिदियो। बङ्गलादेशको सो क्षेत्रमा पहिलेदेखि भाषिकलगायतको आन्दोलन शुरु नै थियो। तर, निर्वाचन परिणाम बदरको खवरले बङ्गालीहरुको आत्मसम्मानमा गहिरो चोट पर्‍यो। मुक्तिवाहिनी सेना गठन गरेर आन्दोलन शुरु गर्‍यो। भनिन्छ, पाकिस्तानी सेनाले तीन महिनाको अवधिमा ३५ लाख बङ्गालीको हत्या गर्यो। हजारौं महिलाको पाकिस्तानी सेनाद्वारा बलात्कार गरिएको आरोप छ। एक करोडभन्दा बढी बङ्गालीहरु भारतमा शरण लिएका थिए। त्यसपछि, अन्ततः सन् १९७१ मा पाकिस्तानबाट छुट्टिएर बङ्गलादेशको स्थापना भयो। चुनावको परिणामलाई स्वीकार गरी शेख मुजिवलाई प्रधानमन्त्री बन्न दिएको भए, सम्भवतः बङ्गलादेशको स्थापनाको माग तत्काल सेलाउन सकिन्थ्यो।

अहिलेको निर्वाचनमा अधिकांस मतदाताको झुकाव इमरान खानको उम्मेद्वारको पक्षमा थियो। मतगणनामा धाँधली गरेर दर्जनौ उम्मेद्वारलाई हराइएको चर्चा छ। जनमतको अवहेलना सन् १९७० मा गरिएको थियो। त्यसले पाकिस्तानको विभाजनमा निर्णायक भूमिका खेल्यो। अहिले सन् १९७०जस्तै घटनाको पुनः पुनरावृति भएको भनेर रावलपिण्डीका पुलिस कमिशनर लियाकत अली चट्टाले आफ्नो क्षेत्रमा पर्ने १३ विधानसभाका स्वतन्त्र उम्मेदवारलाई हराइएको र साँसद पदका स्वतन्त्र उम्मेद्वार ७० हजारभन्दा बढी मतबाट अग्रता लिएपनि उनलाई पनि हराउनमा आफूले पदको दुरुपयोग गरेको भनेर पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ। निर्वाचन परिणाममा धाँधली गर्ने कार्यमा निर्वाचन आयोग र मुख्य न्यायधीशको पनि संलग्नतारहेकाले उनीहरुमाथि पनि कारवाही हुनुपर्ने उनको माग छ। कमिशनर चट्टाले आफूलाई सार्वजनिक स्थलमैं फासीको माग गरेको छ। उनले निर्वाचनमा धाँधलीको उजागर गरेपछि पाकिस्तानमा तरङ्ग उत्पन्न भएको छ। मतदान केन्द्रमा इमरान खान समर्थक मतदातालाई अधिकांस ठाउँमा मतदान गर्न बाधा सृजना गरिएको र कतिपय ठाउँमा मतदान पनि गर्न नदिएको भनेर जनस्तरमा सरकारको व्यापक रुपमा आलोचना भएको थियो।

कराँचीबाट निर्वाचित जमीयत ए इस्लामी पार्टीको हाफिज नईम उर रहमानले आफू हारेपनि जिताइएको भनेर सार्वजनिक रुपमा अभिव्यक्ति दिएको छ। उनले आफूलाई आत्मग्लानी भएकाले जितेको सिट छोड्ने घोषणा गरी सवैलाई अचम्भित पारेको छ। उनी कराचीको शहरी क्षेत्रको विधानसभा सदस्यको रुपमा निर्वाचित भएका हुन्। उनले इमरान खान पार्टीको स्वतन्त्र उम्मेद्वार आफूभन्दा बढी मत पाएपनि, सो मतको सङ्ख्या घटाएर आफूलाई निर्वाचन आयोगले जितको प्रमाणपत्र दिएको छ। आफूले मात्र २६ हजार मत पाएको थियो भने स्वतन्त्र उम्मेद्वार ३१ हजार मत पाएपनि हार्‍यो। हार्ने उम्मेद्वार सैफ बारीले मात्र ११ हजार मत मात्र पाएको भनेर निर्वाचन आयोगले घोषणा गरेको गरेको हो। उनले भने, “जनताको मतलाई सम्मान गर्नुपर्ने भनेर जितेको सिटबाट राजिनामा गरेको हुँ।”अर्कोतर्फ, निर्वाचनमा धान्धली गरेर इमरान खान समर्थित उम्मेद्वारलाई हराइएको भनेर आवाज जोडतोडबाट उठेको छ। सामाजिक सञ्जालमा निर्वाचनमा खटेका कर्मचारीले मतपत्रहरुमा छाप लगाइरहेको स्पष्ट रुपमा हेर्न सकिन्छ। अप्रत्यासित रुपमा स्वतन्त्र उम्मेद्वारहरु अधिकांस ठाउँबाट जित्न लागेको देखेर रातिको समयमा मतगणना र इन्टरनेट सेवा रोकिएको थियो। त्यसपछि, व्यापक रुपमा उलटफेर भएको चर्चा छ। कतिपय क्षेत्रमा हार्नेलाई जितेको प्रमाणपत्र दिएपछि सर्वसाधारण जनतामा निर्वाचनप्रति विश्वास उठ्न थालेको छ।

### पाकिस्तानमा नयाा सरकारको गठन

पाकिस्तान स्थापना भएको छिहत्तर बर्षको अवधिमा अहिलेसम्म कुनैपनि निर्वाचित प्रधानमन्त्रीले आफ्नो पाँच बर्षको कार्यकाल पुरा गर्न सकेको छैन्। केहीदिनमा पुनः गठबन्धनको सरकार बन्ने लगभग निश्चित छ। पाकिस्तानको तल्लो सदन नेशनल असेम्बलीको हालै सम्पन्न निर्वाचनमा कुनैपनि दलले आवश्यक बहुमत ल्याउन नसकेपछि गठबन्धनको सरकार बनाउने प्रयास शुरु छ।

पाकिस्तान मुश्लिम लिग (एन) र पाकिस्तान पिपुल्स पार्टी (पिपिपी)बीच सरकार गठनको विषयमा सहमति भएको छ। सो आधारमा शहवाज शरीफ प्रधानमन्त्री हुने र पिपिपीका आसिफ अली जरदारी राष्ट्रपति हुने पक्कापक्की नै देखिन्छ। त्यसो भयो भने शहवाज दोश्रोपटक प्रधानमन्त्री र जरदारीपनि दोश्रोपटक राष्ट्रपतिको कार्यभार सम्हाल्नेछ। संविधानले निर्धारण गरेको अवधिभित्र प्रधानमन्त्रीको नियुक्ति हुन नसकेको खण्डमा संवैधानिक सङ्कट उत्पन्न हुने खतरा पनि छ। यस्तो भयो भने पाकिस्तानमा आपातकाल लागू हुन सक्छ। आउँदो बुधवारसम्म प्रधानमन्त्रीको नियुक्ति भइसक्नु पर्नेछ।

२६५ सिटको नेशनल असेम्बलीमा इमरानको तेहरिक ए इन्साफ पार्टी समर्थित स्वतन्त्र उम्मेद्वार ९३ स्थानमा जित्न सफल भयो। पार्टीगत आधारमा पाकिस्तान मुश्लिम लिगले ७५, पाकिस्तान पिपुल्स पार्टीले ५४ सिट र एमक्यू एम पार्टीले १७ सिटमा जित प्राप्त गरेको छ। पाकिस्तानमा ७० सिट आरक्षित छ। सो मध्ये १० सिट गैरमुश्लिमको लागि छुट्ट्याइएको छ। दलले जितेको सिटको आधारमा ति सिटहरु बाँडिन्छ। इमरान समर्थितको प्रतिनिधिको राष्ट्रियसभामा सवैभन्दा बढी सङ्ख्या भएपनि उनीहरु स्वतन्त्र रुपमा रहेकाले आरक्षित सिटमा हक पाउनबाट बञ्चित हुनेछ। दलगत आधारमा त्यति सिट पाएको भए सवैभन्दा सदस्यको भाग पाउने थियो।

नवगठित सरकारसमक्ष बलुचिस्तानको समस्याका साथै पाकिस्तानलाई आर्थिक अवस्थामा सुधारका लागि ठोस पहल गर्नुपर्छ। व्यापक रुपमा विदेशी मुद्राको अभाव छ। वैदेशिक ऋण चुक्तागर्न र आयात गर्नका लागि कमसेकम ३० अरब डालरको जोहो गर्नु नव गठित सरकारसमक्ष ठूलो चुनौंति देखिन्छ। 'इतिश्री'

# प्रधानमन्त्री त्यागेर प्रचण्डले लिनुपर्ने पहलकदमी



महेश्वर दाहाल

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को विधान अधिवेशन अघिल्लो हप्ता सम्पन्न भएको छ। र, यसबाट आएका सुझावलाई स्वीकार र लागू गरिने प्रतिबद्धता अध्यक्ष प्रचण्डले व्यक्त गर्नुभएको छ। आजको संघीय गणतन्त्रको मूल 'ओनर' हुनुको र वर्तमान सरकार नेतृत्व हुनुको आधारबाट हेर्दा माओवादी केन्द्रको नीति र कार्यनीति नै आजको संवैधानिक प्राथमिक मूल्य हो/हुनुपर्छ। शक्ति-सन्तुलन सहितको यो संविधानमा माओवादी केन्द्रका धेरै असहमति छन्। तर, संविधानका अपूर्णतालाई पूर्ण गर्ने जिम्मेवारी पनि मूलतः माओवादी केन्द्रकै हो।

संविधानसभा मार्फत सम्पूर्णतः समाज न्यायिक संविधान बनाउने लक्ष्य हासिल गरेर पनि, त्यसमा वैधानिक वा निर्वाचित हैसियत भएर पनि हामीले आफ्नै पक्षधरताको संविधान किन बनाउन सकेनौं, यसको निर्मम समीक्षा हुन्छ नै, भएकै पनि छ। तर, शक्ति सन्तुलन सहितको वर्तमान संविधानले पनि माओवादी केन्द्रका केही/कैयौं मान्यता, सिद्धान्त र सैद्धान्तिक आधार बोकेको कारणले नै आज हामी सरकारको नेतृत्व गर्ने अवसरमा छौं। संविधानको अपूर्णतालाई पूर्ण गर्ने लक्ष्यमा छौं। यही संविधानको अन्तरवस्तुमा टेकेर समाजवादमा पुग्ने लक्ष्यमा छौं। त्यसैले हाम्रो विधान अर्थात् हाम्रो आन्तरिक कार्यप्रणाली कम्युनिस्ट आचरण र मूल्यकृत हुनु जरूरी छ।

विधान अधिवेशनमा हामीले जोड दिएको सन्दर्भ के हो भने यसको प्रस्तावनामै समाजवादी दर्शन र मूल्य-मान्यतालाई उल्लेख गर्नु आवश्यक छ, जसले हाम्रा मुख्य उद्देश्य र दिशा निर्धारण गर्नेछ। हाम्रो सामाजिक वा आर्थिक लक्ष्यको समेत किटानी गर्नेछ। यसो हुँदा सकेसम्म केन्द्रीय सदस्य वा परिवारको सम्पत्ति पार्टीकरण गरेर सामूहिकतामा जान बल पुग्नेछ। तत्काल यो सकिँदैन भने श्रीमती र परिवारका अन्य सदस्यको सम्पत्ति छुट्याएर केन्द्रीय सदस्यको सम्पत्ति पार्टीकरण गर्न सकिनेछ। यसले पार्टीलाई समाजवादीकरण गर्ने दिशामा महत्वपूर्ण फड्को मार्नेछ।

हिजो नयाँ जनवादी क्रान्तिको तयारी गर्दा केन्द्रीय सदस्यहरूको एक हिस्सा सम्पत्ति पार्टीकरण गरिएकै हो। केन्द्रीय नेताको त्यो पहलले नै पार्टी कार्यकर्ता र जनतामा त्याग र बलिदानको भावना विकास भएको हो। समाजवाद स्वतस्फूर्त आउँदैन। समाजवाद सन्निकट हुँदै समाजवादसम्म पुग्नका लागि हामीले फेरि त्यो त्याग, बलिदानी भावना र विश्वास पैदा गर्नु आवश्यक छ।

क्रान्तिकारी विचार त दस्तावेजमा छँदैछ, क्रान्तिकारी आचरणलाई पनि हामीले उत्तिकै जोड दिनुपर्छ। सम्पत्ति भएका र नभएका केन्द्रीय सदस्य एउटै श्रेणीका होऊन्। सम्पत्ति भएकाले त्यसलाई पार्टीकरण गरी पार्टी नेता तथा कार्यकर्ता सहितको सामूहिक उत्पादन तथा बसाइमा जोड दिनुपर्छ। पार्टी रूपान्तरणका लागि यो प्रारम्भिक परीक्षण पनि हो। माओवादी केन्द्रका नेताहरूलाई भ्रष्ट, कमाइ धन्दामा लागेको भनेर विद्रुपीकरण गरिरहेकोमा यसले एक हदसम्म व्यावहारिक खण्डन समेत गर्नेछ। भनाइ र गराइका बीचमा तादात्म्यता मिलाउँदै जानेछ।

त्यसमा लेखिएको छ- 'अनुभवले सावित गरेको छ कि राज्यसत्ता कब्जा गरिसकेपछि पार्टीका तमाम नेता तथा कार्यकर्ताहरू राज्यसत्ता सञ्चालनमा मात्र संलग्न हुँदा भौतिक परिवेशले नै पार्टीलाई क्रमशः नोकरशाही, पदलोलुप र सुविधासम्पन्न वर्गमा परिणत गर्ने खतरा तीव्र तथा प्रबल बनेर जानेछ। यस खतराको तीव्रता र प्रबलतासँगै पार्टीको जनसमुदायसँगको सम्बन्ध त्यही अनुपातमा औपचारिक र अलग-थलग बन्दै जानेछ। त्यो प्रक्रिया आफ्नो विकासको एउटा निश्चित बिन्दुमा पुगिसकेपछि अनिवार्य प्रतिक्रान्तिमा बदलिन पुग्दछ।

प्रतिक्रान्तिको यस्तो खतरालाई रोक्न दुई लाइन संघर्ष र निरन्तर क्रान्तिको सिद्धान्त अनुसार पार्टीलाई सर्वहारा वर्ग तथा श्रमजीवी जनसमुदायको निगरानी, नियन्त्रण र सेवामा राख्ने संगठनात्मक विधि एवम् मान्यता अझै विकास गर्न जरूरी छ। यसका लागि पार्टीभित्र चल्ने दुई लाइन संघर्षमा व्यापक जनसमुदायको सहभागिता सुनिश्चित गर्ने तथा सक्षम र स्थापित नेतादेखि कार्यकर्तासम्मको एउटा हिस्सा निरन्तर जनकार्यमा र अर्को हिस्सा सत्ता सञ्चालनमा लाग्ने तथा निश्चित अवधिको अन्तरमा कार्यविभाजनमा हेरफेर गरी सिंगो पार्टीको जनसमुदायसँगको सम्बन्धलाई सजीव राख्नु आवश्यक छ।'

उत्पीडित वर्गले राज्यसत्ता कब्जा नगरेको/गर्न नसकेको आजको अवस्थामा प्रमुख नेतृत्व सहित पदाधिकारी तथा स्थायी समितिका नेता नै सरकारमा पटक-पटक जाने र लामो समय त्यहीं रुमल्लिने हुँदा त्यसले पार्टी र आन्दोलनलाई ठूलो क्षति पुर्‍याएको छ। यतिबेला नेपाल मात्र होइन विश्व कम्युनिस्ट आन्दोलनमै योगदान दिनका लागि पार्टी अध्यक्ष प्रचण्डले सबैभन्दा बढी मिहिनेत गर्नुपर्नेछ। अब हामीले फराकिलो कम्युनिस्ट अन्तर्राष्ट्रिय बनाउनुपर्छ। सिर्जनात्मक र विकसित अर्को क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलन (रिम) बनाउनुपर्छ।

अध्यक्ष प्रचण्डले तत्काल प्रधानमन्त्री त्याग्ने कुराको संवैधानिक औचित्य वा त्यसले निर्माण गर्न सक्ने राजनीतिक अस्थिरताको पक्ष लिएको होइन, तर अरू कमरेडलाई सरकार नेतृत्वमा अगाडि सारेर एक्काइसौं शताब्दीको समाजवादी कार्यदिशा निर्माण गर्न उहाँले कम्युनिस्ट पहल बढाउनुपर्छ। मन्त्री भइसकेकालाई मन्त्रीमा दोहोर्‍याई, तेहर्‍याई, चौहर्‍याई, पाँचबर्‍याई अवसर दिनु, त्यो संस्थागत र व्यक्तिगत स्वार्थ हो। बरु अनुभवीले नयाँलाई गाइड गर्ने संयन्त्र पो पार्टी काम हो, पार्टी जीवन हो।

आजको नेपाली वाम आन्दोलन ठूलो संकटमा छ। वाम आवरणका अपराधोन्मुख समेत सबै पार्टीमा मौजुद छन्। यसैले कुनै पार्टी सोलोडोलो क्रान्तिकारी, परिवर्तनकारी छैनन्। सबै पक्षले गल्ती नगर्ने वचन गरेर समाजवादमा जाने शर्त स्वीकार्छन् भने विभिन्न चिरामा रहेका वामहरूबीच समाजवादी कार्यदिशाका लागि फेरि सहकार्य हुनसक्छ।

देश रूपान्तरणका लागि अब अध्यक्ष प्रचण्डले 'फुर्सदी' भएर एमाले सहितका सबै वामपन्थी शक्ति, व्यक्ति र आफ्नै पार्टीबाट विभक्त माओवादी धारका घटकसँग एकताको पहल बढाउनुपर्छ। अधिकतम लचिलो बनेर माओवादी पार्टी र आन्दोलन पुनर्गठनका लागि हात अगाडि बढाउनुपर्छ।

सरकार, सदन र सडकलाई समाज न्यायिक दिशा दिन एकीकृत र व्यवस्थित पहल अगाडि बढाउनुपर्छ। आजको सन्दर्भमा संसारलाई पनि जोड्न सक्नुपर्छ। हामीले संसारलाई बलियो बनाउनुपर्छ। ऊर्जाशील लाखौं नेपाली श्रमिक संसारभरि छन्, त्यहाँको संगठनात्मक कामलाई समेत विशेष जोड दिनुपर्छ। अन्तर्राष्ट्रिय मित्र शक्तिलाई गोलबद्ध गर्ने विषयमा पनि मिहिनेत गर्नै पर्नेछ।

कम्युनिस्ट पार्टीभित्रको नेतृत्व प्रत्यक्ष निर्वाचनबाट मात्र हुनुपर्छ भनेर निरपेक्ष वकालत गर्नु भनेको बुर्जुवा मत हो। जब पक्ष/विपक्षमा मतदान हुन्छ, त्यसले व्यक्तिगत, समूहगत र सार्वजनिक इगोको जन्म दिन्छ। एउटा सैद्धान्तिक र सर्वहाराकृत नेतृत्व जनताबाटै अनुमोदित भएको हुन्छ र हुनुपर्छ। फेरि पनि प्रत्यक्ष निर्वाचन गर्न नसकिने होइन, तर नेतृत्व चयन गर्ने सन्दर्भ फुट र जनविभेदको बीजारोपण भने बन्नुहुँदैन।

कम्युनिस्ट पार्टीको समग्र संरचना प्रत्यक्ष निर्वाचित हुनै नसक्ने भन्ने त होइन। तर, त्यसले मूलतः विचार निर्माणको सन्दर्भ बोकेको हुनुपर्छ। कुनै पनि पदका लागि निर्वाचनको ढोका खुल्लै होस् तर सामूहिकतालाई अभिव्यक्त गर्ने नेतृत्वका लागि चुनावी औपचारिकता एउटा पूँजीवादी आत्मरति मात्रै हो। सर्वसम्मति पनि आफैंमा निर्वाचन प्रक्रिया नै हो, यो हामीले भुल्नुहुँदैन।

पार्टीलाई समाजवादी यात्राको नेतृत्वदायी शक्ति बनाउने हो भने पार्टीभित्रका सबै अनियमितता रोक्न पोष्टबहादुर बोगटी, अमिक शेरचन आयोगहरूको प्रतिवेदन सार्वजनिक गर्दै अर्को त्यहीस्तरको अधिकारसम्पन्न उच्चस्तरीय नयाँ आयोग गठन गर्नुपर्छ। माओवादी भ्रष्ट र लुटेरा हो भन्ने भाष्य निर्माण भइरहेको यो बेला पार्टी शुद्धीकरणका लागि पनि यस्तो आयोगको जरूरी छ। रगतको आहालमा टेकेर निर्माण भएको पार्टीलाई आज भ्रष्ट र लुटेराको रूपमा बदनाम गर्ने विषय सामान्य होइन। भ्रष्ट र बेइमान जुनसुकै तहका नेता हुन्, तिनको सम्पत्ति पार्टीकरण गरेर जनयुद्धका शहीद परिवार र घाइते परिवारको भरणपोषण तथा उपचारमा लगाउनुपर्छ।

विधानले निश्चित संख्याको कमिटी र कमिटी निर्वाचन प्रक्रिया तोक्दै गर्दा यही सम्मुखमा वैकल्पिक केन्द्रीय सदस्य थपेर अधिवेशनलाई नै पङ्गु बनाउनु नेतृत्वको नाजायज हर्कत हो। जो जो कमरेडहरू केन्द्रीय सदस्य बन्नुभयो, यसमा मेरो आपत्ति होइन। तर प्रक्रिया गलत अपनाइयो। त्यो अधिकार पार्टीको अधिवेशनले वा विशेष अधिवेशनले मात्रै राख्दछ। आफ्नो अनुकूलतामा यसरी विधानलाई तोड्ने परिपाटी रहँदासम्म धेरै संख्यामा कार्यकर्ता भेला गरेर जतिसुकै राम्रो विधान बनाए पनि त्यसको कुनै अर्थ हुँदैन।

विचार, कार्यदिशाले आचरण र संगठनको माग गर्दछ। विश्व सर्वहारा वर्गका महान् नेता लेनिनले कार्यनीतिलाई 'पार्टीको आचरण' भन्नुभएको छ। वनस्पतिको उपचार जराबाट हुन्छ, मान्छेको उपचार शिर वा सिरानीबाट। त्यसैले अध्यक्ष प्रचण्डले क्रान्तिकारी विचार र क्रान्तिकारी आचरणको विकासका लागि पहल बढाउनुपर्छ। विधान अधिवेशनले मूलतः यस पक्षको नीति बनाउनु सकारात्मक हो। अध्यक्षले विशेष महाधिवेशनसम्म यी विषय टुंग्याइने बताउनुभएको छ।(दाहाल माओवादी केन्द्र, प्रचार विभागका सहइन्चार्ज हुन्।)

# 'तीन करोडभन्दा कम लागतका योजना प्रदेश र स्थानीय तहमा पठाउँछौँ'



टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) संसदीय दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'ले तीन करोडभन्दा कम लागतका योजना सङ्घमा नराखी प्रदेश र स्थानीय तहमा पठाइने बताएका छन् ।

माओवादी केन्द्रको शनिबार सिंहदरबारमा भएको संसदीय दलको बैठकमा प्रधानमन्त्रीले सङ्घीयतालाई बलियो बनाउन वित्तीय हस्तान्तरणमा जोड दिइएको बताए । उनले भने, "कनिका छरे जसरी बजेट निर्माण गर्दा विकास र समृद्धि हासिल गर्न सकिँदैन । अलि रणनीतिक महत्वका योजना मात्र सङ्घमा राख्छौँ । तीन करोडभन्दा कम लागतका साना योजना प्रदेश र स्थानीय तहले नै सञ्चालन गर्छन्, बजेटको क्षेत्र तोकेर पठाइन्छ, आयोजना छनोटको अधिकार प्रदेश र स्थानीय तहलाई प्रदान गरिन्छ ।" नयाँ योजना धेरै नथपीकन पूरा हुन बाँकी पुराना योजनामा बजेट विनियोजन गरिने उनले बताए ।

प्रधानमन्त्रीले भने, "खर्च गर्न नसकिने शीर्षकमा बजेट थुपार्ने, अत्यावश्यक आयोजनामा बजेटका अभाव हुने बेथिति अन्त्य गर्नुपर्छ । पुराना योजना सम्पन्न गर्न सरकारले हरसम्भव प्रयत्न गर्नेछ ।"

प्रधानमन्त्रीले बालकुमारी घटनाको प्रतिवेदन आफूले प्राप्त गरिसकेको र अध्ययनकै क्रममा रहेको जानकारी दिए । उनले भने, "बालकुमारी घटनाको प्रतिवेदन अध्ययन गरेर निर्णय गरिन्छ । सरकारले आयोग बनाएर छानबिन गर्ने निर्णय गरेको हो, प्रतिवेदन अध्ययनको प्रक्रियामा छ । अध्ययनपश्चात् आवश्यक निष्कर्षमा पुग्छौँ । यो सरकारको क्षेत्राधिकार हो । प्रतिपक्षले राजनीतिक संस्कार देखाउनुपर्छ ।"

अब हुने मन्त्रिपरिषद् बैठकपछि सरकारका तर्फबाट संसद्मा विधेयकहरू प्रस्तुत गरिने भएकाले ती विधेयक पारित गराउन सांसदहरूलाई प्रधानमन्त्रीले आग्रह गरे । प्रधानमन्त्रीले भने, "अबको 'क्याबिनेट'मा छलफल गरेर संसद्मा विधेयकहरू पेस गर्ने सरकारको तयारी छ, विधेयकहरू पारित गराउन तपाईंहरू प्रभावकारी भूमिका निर्वाह गर्नूस् ।"बैठकमा नेपाल सरकारको आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटबारे सांसदहरूलाई अभिमुखीकरण गर्ने कार्यसूची छ ।

# संसद्मा पनि विभेद महसुस हुन्छः वीना लामा

काठमाण्डु । सांसदको मुख्य भूमिका भनेको कानुन निर्माण नै हो । तर सांसदहरु कानुन निर्माणका क्रममा सदनमा 'हो र होइन' भन्नेमा मात्रै सीमित छन् । संसद्मा विधेयकका मस्यौदा कहाँबाट आउँछन् ? कसले मस्यौदा तयार पार्छ ? भन्ने कुरा अधिकांश सांसदलाई नै थाहा हुँदैन । विषयगत मन्त्रालयमा मस्यौदा भएर आएपछि विधेयक संसद् सचिवालयमा दर्ता हुन्छन् । तर मन्त्रालयमा कसले विधेयक बनाउँछ ? सरकार र सत्तापक्षका लागि उपयुक्त हुने, व्यक्ति विशेष वा कुनै निश्चित समूहलाई लाभ पुग्ने गरी कानुनका मस्यौदा बनेर आउँछन् । सांसदको भूमिका 'हुन्छ, हुन्न' भन्नेभन्दा थप देख्दिनँ । यो मेरो अहिलेसम्मको अनुभव हो ।

विधायिकी भूमिका मात्रै कमजोर होइन, सदनमा सांसदले उठाएका जनजीविकाका कुरा तथा नागरिकका गुनासा सुनुवाइमा पनि कमजोरी छ । शून्य समय, विशेष समय र आकस्मिक समयमा उठाएका विषयबारे सरकारबाट आउने जवाफ सन्तोषजनक पाइन्न । जवाफदेहीता कमजोर छ । आफ्नो निर्वाचन क्षेत्रका समस्या र समग्र मुलुकले नै भोगिरहेका समस्या उठाउँदा सरकार मौन बसिदिन्छ । यो परिपाटी एकदमै गलत हो ।

संसद्को अघिल्लो अधिवेशन लामो समय अवरोधमा बित्यो । त्यसमा प्रतिपक्षले अड्को थापेको भनेर आलोचना भयो । तर प्रतिपक्षले कुनै विषयमा जवाफ माग्दा सत्तापक्षले सधैँ टारिरहने र आफ्नो जिम्मेवारी बहन नगर्ने हो भने संसद्को गरिमा कसरी कायम रहन्छ ? प्रतिपक्षले सधैँ विरोध मात्र होइन, रचनात्मक सुझाव र कतिपय राम्रा काममा ऐक्यबद्धता पनि गर्नुपर्छ । सँगसँगै सत्तापक्षले पनि संसद्मा उठेका विषयलाई गम्भीररुपमा लिने र त्यसको जवाफ दिने दायित्वबोध गर्नुपर्छ । विभिन्न भ्रष्टाचारका काण्डबारे संसद्मा आवाज उठाउँदा सरकारले ती विषयमाथिको अनुसन्धान कसरी चलिरहेको छ भनेर जवाफ दिनसक्नुपर्यो । प्रतिपक्षले उठाएको प्रश्नको जवाफ नआएपछि त्यसबारे झक्झकाउने र जवाफ माग्ने काम त स्वाभाविक हुन्छ । यसैलाई प्रतिपक्षले अवरोध गर्‍यो, काम गर्न दिएन भन्नु बुझाइमा कमजोरी हो ।



> सरकारले संसद लाई बिजनेस दिने र उठेका हरेक प्रश्नको जवाफ दिने अवस्था बन्नसके मात्र संसदको प्रभावकारिता देखिन्छ ।

संसद्का ठूला दल र त्यसमा पनि शीर्ष नेताका कुरा बढी सुनिन्छन् । साना दल र नयाँ निर्वाचित भएर आएका सांसदका कुराको खासै सुनुवाइ हुँदैन । उनीहरुको कुरालाई गम्भीररुपमा लिइँदैन । यो मैले प्रत्यक्ष भोगेकी छु । हामी महिला सांसदको हकमा अझ बढी लागू हुन्छ । संसद्मै पनि पितृसत्तात्मक सोच अझै कायम छ । जतिसुकै समावेशिता र समानताको कुरा गरे पनि पितृसत्तात्मक सोचका अवशेष बाँकी छन् ।

सुरुआती दिनमा सदनमा जाँदा धार्मिक हिसाबले, महिला भएका हिसाबले र जनजाति भएका हिसाबले केही विभेद भएको महसुस मैले गरेकी छु । उमेरका हिसाबले पनि त्यस्तो विभेदको सामना गर्नुपर्यो । 'यिनीहरु पनि सांसद हुन र !' भन्ने शैलीको व्यवहार भोगियो । नयाँ सांसदले केही जान्दैनन्, महिलाले केही जान्दैनन्, यिनीहरुले केही बुझ्केकै छैन भन्ने सोच अहिले पनि छ । भर्खर निर्वाचित भएर आएका, युवा सांसदले के नै पो जानेका छन् र बोल्छन् भन्ने शैलीको व्यवहार भोगियो । तर अहिले विस्तारै त्यो कम हुँदै गएको छ ।

संसदीय समिति पनि ढिलो गरी गठन भए । समिति गठन हुनुअघि ज्येष्ठताका आधारमा सभापतित्व ग्रहण गरेर बैठक बसेका भए पनि त्यसको प्रभावकारिता त्यति देखिएन । पछिल्ला दिनमा भने समितिका कामले गति लिएको देखिन्छ । म सदस्य रहेको पूर्वाधार विकास समितिले अहिले विभिन्न उपसमिति बनाएर काम गरिरहेको छ । सरोकारवाला मन्त्रालय र निकायसँग निरन्तर छलफल हुन थालेको छ । विभिन्न पूर्वाधार आयोजनाको स्थलगत अनुगमन पनि भइरहेका छन् । सिंहदरबारस्थित संसद् भवन, ग्वार्कोको फ्लाइओभर, चक्रपथ विस्तार आयोजनालगायतमा पूर्वाधार समितिले अनुगमन गरेको छ । उपत्यका बाहिर पनि कोशी प्रदेशका विभिन्न जिल्लामा मध्यपहाडी लोकमार्गको कामको अवस्थाबारे अनुगमन भएको छ । पछिल्लो समय समितिले सक्रियतापूर्वक काम गरिरहेका छन् ।

गत वर्ष मङ्सिरमा भएको प्रतिनिधिसभाको निर्वाचनबाट हामी निर्वाचित भएर आएपछि कामको उपलब्धि र त्यसको समीक्षा गर्दा त्यति सन्तोषप्रद छैन । विकसित भइसकेको सहरी क्षेत्रका नागरिकमासमेत थप विकासका आकाङ्क्षा हुन्छन् भने ग्रामीण भेग र विकास हुन नसकेका स्थानका बासिन्दामा स्वभाविक रुपमा हुने नै भयो । काठमाडौं, भक्तपुर र ललितपुरका बासिन्दाले त विकासको अपेक्षा राखेका हुन्छन् भने अरु बाहिरका जिल्लामा नहुने भन्ने हुँदैन । सबै नागरिकले सांसदको भूमिका कानुन निर्माण गर्ने हो भन्दा पनि विकास निर्माणका काममा लाग्ने हो, कुनै योजना, कार्यक्रममा बजेट हाल्ने र विकासको गति बढाउने हो भन्ने रुपमा अपेक्षा गरेका हुन्छन् ।

म समानुपातिक सांसद भएकाले प्रत्यक्ष जनतासँग यो गर्छु, त्यो गर्छु भनेर प्रतिबद्धता गरेकी थिइनँ । तर दलको घोषणापत्रमा राखिएका प्रतिबद्धता पूरा गर्नु मेरो पनि जिम्मेवारी हो । नागरिकमा समानुपातिक सांसदसँग पनि अपेक्षा हुन्छ । विगतमा म जनप्रतिनिधि रहेको क्षेत्रका जनताले अहिले पनि मबाट विकास निर्माणका लागि अपेक्षा गर्नु स्वाभाविक हो । तर जनताले अपेक्षा गरेअनुसारका नतिजा हामी दिन सक्दैनौँ ।

निर्वाचनका क्रममा भोट माग्दै गर्दा म राम्रो कानुन बनाउँछु भनेर कुनै पनि सांसदले भोट मागेको हुँदैन । म त्यो क्षेत्रको राम्रो विकास गर्छु भनेर भोट मागेका हुन्छन् । बाटो, पुल, सिँचाइ, मठमन्दिरलगायत बनाइदिन्छु भनेर प्रतिबद्धता गरेपछि नागरिकले पनि त्यसैको अपेक्षा राख्छन् । चालु आर्थिक वर्षको बजेटमा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम ल्याइएको भए पनि त्यसको कार्यान्वयन हुन सकेन । त्यो कार्यक्रम नहुँदा पनि जनताका अपेक्षाअनुसारको काम गर्न सकिएन ।

हाम्रा कानुन निर्माण हाम्रो आवश्यकताअनुसार हुन सक्नुपर्छ । विश्वका उत्कृष्ट भनिएका कानुन पनि हाम्रा लागि उपयुक्त नहुन सक्छन् । हाम्रो भौगोलिकता, विकासको अवस्था तथा जनताको चाहना हेरेर कानुनका मस्यौदा बनाउनुपर्ने हो । तर हामी विदेशीका उत्कृष्ट कानुन भन्दै हुबहु ल्याएर कार्यान्वयन गर्न खोज्छौँ । यो आफैँमा समस्या हो । विकास भइसकेका देशको कानुन 'कपी पेस्ट' गरेर हामीकहाँ कार्यान्वयन गर्दा त्यसले नतिजा दिन सक्दैन । सँगसँगै सदनलाई सरकारले बिजनेस पनि दिन सक्नुपर्यो । सरकारले संसद्लाई बिजनेस दिने र उठेका हरेक प्रश्नको जवाफ दिने अवस्था बन्नसके मात्र संसद्को प्रभावकारिता देखिन्छ ।

समितिबाट अनुगमनमा जाँदा मैले के पाएँ भने नागरिकस्तरमा त गुनासो र निराशा छँदैछ, निर्माण व्यवसायी र आयोजना प्रमुख पनि निराश भएर बसेका देखिए । चाँडोचाँडो सरकार फेरबेदल भइरहने अवस्थाले पूर्वाधार निर्माणका क्षेत्रमा ठूलो समस्या सिर्जना गरेको छ । अघिल्लो सरकारले लगाएका काममा पछिल्लो सरकारले भुक्तानी नदिने गरेको देखियो । गत वर्ष बजेट पाएका क्रमागत आयोजनाले पनि यसवर्ष बजेट पाएनन् । दलको स्वार्थ केन्द्रित भएर आफ्नो निर्वाचन क्षेत्रलाई मात्र केन्द्रमा राखेर बजेट विनियोजन गर्ने प्रवृत्ति बढ्दै जानु चिन्ताजनक हो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को गाउँ कार्यसमिति, क्षेत्रीय कार्यसमिति हुँदै हाल बागमती कार्यसमिति सदस्य रहनुभएकी लामा २०७४ सालको स्थानीय तह निर्वाचनमा रुवीभ्याली गाउँपालिकाको उपाध्यक्ष हुनुहुन्थ्यो । उहाँ राप्रपाको संसदीय दलको सचेतकसमेत हुनुहुन्छ ।रासस

# अध्ययन नगरी धरानमा हवाईमैदान बनाउन नसकिने मन्त्री किरातीको भनाई

टुडे समाचारदाता

धरान । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले मिहिन ढङ्गले अध्ययन नगरी धरानमा तत्काल हवाईमैदान बनाउन नसकिने बताएका छन् ।

सुनसरी उद्योग वाणिज्य सङ्घको आयोजनामा सुरु भएको धरान एक्स्पो, २०८० को उद्घाटन गर्दै मन्त्री किरातीले राम्रोसँग अध्ययन नगरी बनाइएका कारण देशभर २२ हवाईमैदान अलपत्र अवस्थामा रहेका कारण धरानमा पनि हवाईमैदानको सम्भाव्यताका लागि मिहिन ढङ्गले अध्ययन भइरहेको बताए । प्राविधिकले धरानमा हवाईमैदानका लागि अध्ययन भइरहेको स्थानमा एकतर्फी मात्र उडान अवतरण गर्न मिल्ने जानकारी दिएको उल्लेख गरे ।



मन्त्री किरातीले भने, "जहाज उडान भर्न सकिन्छ कि सकिँदैन भन्ने बुझेर मात्र हवाईमैदान बनाउनुपर्छ ।" उनले धरानमा स्थानीय उत्पादन, संस्कृति र पर्यटनको प्रवर्द्धनका लागि धरान एक्स्पो आयोजना गरिएकाले सहभागी हुन सबैमा आग्रह गरे । विकासका लागि धरान एक्लै अघि बढ्न नसक्ने उल्लेख गर्दै मन्त्री किरातीले धरानले चतरा, बराहक्षेत्र, धनकुटा, तेह्रथुम, ताप्लेजुङलगायत ठाउँका धार्मिक तथा पर्यटकीयस्थललाई ध्यानमा राखेर सरोकारवाला निकायसँग सहकार्य गरेर अघि बढ्नुपर्ने बताए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष चन्डीराज ढकालले पछिल्लो समय व्यापार व्यवसाय धरासायी बनेकाले नीजि क्षेत्रलाई उकास्न राज्यले सहयोग गर्नुपर्ने जोड दिए । कार्यक्रममा कोशी प्रदेशसभा सदस्य विजयकुमार राई र रमेश बस्नेत, धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राईलगायतले शुभकामना व्यक्त गरेका थिए । एक्स्पोका आयोजक सुनसरी उद्योग वाणिज्य सङ्घका अध्यक्ष विजय श्रेष्ठका अनुसार हस्तकला, स्थानीय साधनस्रोतबाट उत्पादित वस्तु निकासी र पैठारी गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको बताए । यही फागुन २३ गतेसम्म सञ्चालन हुने सो एक्स्पोमा एक सय ५० कक्ष राखिएका छन् ।

# राष्ट्रियसभा अध्यक्षद्वारा उपराष्ट्रपतिसँग भेट

टुडे समाचारदाता

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसादयादवसँगराष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गरेका छन् ।



आज बिहान भएको भेटमा अध्यक्ष तिमिल्सिनाको कार्यकालमा राष्ट्रियसभाबाट देश र जनताका पक्षमा पारित विधेयक, निर्माण प्रक्रियामा रहेका कानुनलगायत समसामयिक विषयमा छलफल भएको थियो । उपराष्ट्रपतिले अध्यक्ष तिमिल्सिनाद्वारा आफ्नो कार्यकालमा निर्वाह गर्नुभएको महत्वपूर्ण भूमिकाका लागि धन्यवाद दिँदै उनको सुख, शान्ति, दीर्घ जीवन र सुस्वास्थ्यको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्नुभएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ ।

त्यस अवसरमा अध्यक्ष तिमिल्सिनाले प्रतिनिधिसभा र राष्ट्रियसभामा प्रस्ताव गरिएका महत्पूर्ण विधेयक र कानुन यथाशीघ्र निर्माण गरी कार्यान्वयनमा ल्याउन सबै पक्षबाट सकारात्मक प्रयास हुन जरुरी भएको बताए । यहाँको कार्यकाल यही फागुन २० गते पूरा हुँदैछ ।

# मुलुकको भविष्य कांग्रेससँग जोडिएको छ : नेता डा कोइराला

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसका नेता डा शशाङ्क कोइरालाले मुलुकको भविष्य नेपाली कांग्रेससँग जोडिएको बताएका छन् ।



कांग्रेस पूर्वमहामन्त्री डा कोइरालाले महासमिति सदस्यको सम्मानमा शनिबार आयोजना गरेको चियापान तथा भेटघाट कार्यक्रममा मुलुकको भविष्य कांग्रेससँग भएकाले पार्टीलाई एकढिक्का बनाएर अगाडि बढाउनुपर्नेमा जोड दिए ।

"महासमितिसँगै उत्साह र उमङ्ग बोकेर जिल्ला जाऔँ, आउँदो निर्वाचनमा कांग्रेसलाई सर्वश्रेष्ठ पार्टी बनाऔँ", डा कोइरालाले भने । कांग्रेस एकढिक्का भए यसलाई कुनै शक्तिले हराउन नसक्ने उहाँको भनाइ थियो । सभापति शेरबहादुर देउवाले पार्टीभित्र सबैलाई मिलाएर अगाडि बढ्नुपर्ने उल्लेख गरे । "विपी कोइरालाले आफ्नो लागिभन्दा देश र जनताका लागि सङ्घर्ष गर्नुभएको थियो, उहाँको सङ्घर्षलाई कांग्रेसले भुल्नुहुँदैन", उनले भने । जीवन सङ्घर्ष भएकाले सङ्घर्ष गर्न सिक्नुपर्ने नेता डा कोइरालाको भनाइ थियो ।

कांग्रेस संखुवासभाका सभापति एवं सांसद दीपक खड्काले सबैलाई स्वागत गर्दै चियापानले पार्टीभित्र भावनात्मक सम्बन्ध र एकताको सन्देश दिएको बताए । कार्यक्रममा कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, महामन्त्री गगनकुमार थापा, पूर्वमहामन्त्रीद्वय प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौला, पूर्वउपसभापति गोपालमान श्रेष्ठलगायत पार्टीका केन्द्रीय तहका नेता, महासमिति सदस्य तथा कार्यकर्ताको सहभागिता थियो ।


मधेश प्रदेश सरकार
मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
प्रादेशिक अस्पताल
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८०/११/१३

यस प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पतालको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार तपसिलको ठेक्काको लागि पेश भएका बोलपत्रहरु मध्ये इकाई दररेटमा मुल्याङ्कनबाट तपसिल बमोजिमका बोलपत्र न्युनतम मूल्याकिंत सारभुत रुपमा प्रभावग्राही ठहरी उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरुको कार्यमा सहभागी सबै बोलपत्रदाताहरुको लागि ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | प्रकाशित मिति | ठेक्का नं. | छनोट भएको बोलपत्रदाताको नाम | इकाई दररेटमा सबैभन्दा कम कबोल अंक (VAT बाहेक) | Perfomance Guarantee |
|---|---|---|---|---|---|
| 1 | 04/01/2024 | MP/MIHS/NCB/GOODS- 1/2080/81 The Procurement of Dialysis Ward's Medicine and Surgical Goods | MedPlus Pharma Distributors, Bharatpur-10, Chitwan | 1,14,30,825/- | 27,57,119 |
| 2 | | | J K Scientific, Mahalaxmi Na. Pa. 09, Lalitpur | 4,58,850/- | 9,19,275 |
| 3 | | | Aaditya International, Janakpurdham-2, Dhanusha | 1,67,000/- | 58,428 |
| 4 | | | Bajrang General Stores, Janakpurdham, Dhanusha | 1,20,000/- | 8,617 |

अस्पताल निर्देशक

# रूस-युक्रेन युद्ध तेस्रो वर्षमा, युक्रेन झनै रक्षात्मक

एएफपी

कीएभ । शनिबार रूसले युक्रेनमाथि आक्रमण गरेको दुई वर्ष पूरा भएको छ र पश्चिमा सहायताको अभावका कारण यो बर्ष युक्रेन कमजोर देखिएको छ भने रूस नयाँ लाभबाट उत्साहित भएको छ ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले फेब्रुअरी २४, २०२२ को बिहानै ‘ विशेष सैन्य अभियान’ को घोषणा गर्दा धेरैले केही दिनभित्रै मस्कोले युक्रेनविरूद्ध विजय गर्ने अनुमान गरेका थिए । तर युक्रेनले अहिलेसम्म रूसी आक्रमणको प्रतिकार गर्दै कतिपय स्थानबाट रूसी सेनालाई पश्चगमनगर्न बाध्य बनाएको छ । तर युक्रेनले सन् २०२३ को प्रत्याक्रमण अनपेक्षित असफल भएपछि धक्का खाएको छ । यो उसलाई आफ्ना सहयोगीले युद्धका लागि प्रतिवद्धता गरे अनुसारको हतियार र आर्थिक सहयोगको अभावका कारण भएको रूस-युक्रेन युद्धबारे नजिकबाट जानकारी राख्ने विश्लेषकहरूले बताएका छन् ।

रूसी सेनाले युद्ध उत्पादनको वृद्धिका कारण शक्तिको स्थिति निर्माण गरेको छ, जबकि युक्रेनका सैनिकहरूसँग जनशक्तिको कमी छ र तोपखाना र हवाई प्रतिरक्षाको लागि पश्चिमी-आपूर्ति गरिएको गोलाबारूदको यथेष्ठ आपूर्ति नहुँदा सुस्त गतिमा रक्षात्मक लडाइ लडिरहेको छ । राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले हतियार आपूर्तिसम्बन्धी निर्णय ‘प्राथमिकता’ हुनुपर्ने बताउनुभएको छ । युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनलगायत पश्चिमा नेताहरूले युक्रेनको ‘असाधारण प्रतिरोध’को प्रशंसा गर्दै शनिबार कीएभ आइपुगेका छन् ।

तर अमेरिकी कङ्ग्रेसले ६० अर्ब अमेरिकी डलरको सहायता कार्यक्रम रोकेपछि युक्रेनका लागि समग्र तस्वीर अन्धकारमय बनेको छ । यो प्रतिज्ञा गरिएको सहयोगको आपूर्तिको ढिलाइको शीर्षस्थानमा आएको छ ।अमेरिकी राष्ट्रपति जो बाइडेनले रिपब्लिकन सांसदहरूलाई थप अनुदान नरोक्न पुनः आह्वान गर्दै ‘इतिहासले पर्खिरहेको’ र ‘यस महत्वपूर्ण घडीमा युक्रेनलाई समर्थन गर्न असफल भएको दिन’ नबिर्सिइने दोहोराउनुभएको छ ।

-युद्ध नै दैनिकी -

रुसले पूर्वमा कडा आक्रमण गरिरहेको छ र फेब्रुअरी १७ मा डोनेट्स्क नजिकैको मारिङ्का शहरले अति बलियो किल्ला भएको शहर अब्दाइभ्का कब्जा गरेपछि पछिल्लो आक्रमणको केन्द्रविन्दु बनेको छ ।

युक्रेनको अर्थव्यवस्थामा पोलिश किसानहरूको सीमा नाकावन्दीले पनि असर पारेको छ जुन कीएभले निर्यातलाई खतरामा पारेको र हतियारको आपूर्ति रोकेको बताएको छ ।कीएभमा, मनोदशा डरलाग्दो छ तर अझै पनि युक्रेनीहरूले भनेका छन् उनीहरू युद्धसँग अभ्यस्त भइरहेका छन् ।“युक्रेनका महिलाहरूका लागि, हाम्रा पतिहरूका लागि, हाम्रा छोराछोरीहरूका लागि, हाम्रा बुबाहरूका लागि, यो हृदयको पीडा हो,” कीएभका पोषणविद् ओल्गा बायर्कोले भन्नुभयो ।

उहाँले भन्नुभयो, “म वास्तवमा यो जतिसक्दो चाँडो अन्त्य होस् भन्छु ।”अठ्तीस वर्षीय व्यवसायी युरी पासिच्निकले एएफपीसँग भन्नुभयो, “युक्रेनीहरूले यससँग बाँच्न सिकेका छन् । अब युद्ध हाम्रो दैनिकी भएको छ ।”कोस्टियनटाइन गोफम्यान, ५१, ले ‘थप हतियारको माग गर्दै यो दुष्ट आत्मालाई आफ्नो भूमिबाट भगाउन र युक्रेनको पुनर्निर्माण सुरु गर्न सहकार्य हुनुपर्नेमा जोड दिनुभयो । विश्व बैंक, युरोपेली सङ्घ, संयुक्त राष्ट्रसङ्घ र युक्रेनी सरकारको पछिल्लो अनुमानअनुसार रूसको आक्रमणबाट ध्वस्त भएका शहर र शहरहरूको पुनर्निर्माण गर्न युक्रेनलाई लगभग आधा ट्रिलियन डलर आवश्यक पर्छ ।युक्रेनले करिब ५० हजार सर्वसाधारण मारिएको अनुमान गरेको छ ।

-विस्फोट छल्दै हिँड्नुपर्ने बाध्यता-

छ । उहाँलाई रूसी सेनाले अब्दाइभ्कालाई नियन्त्रणमा लिएपछि ‘आफ्नो प्रगति जारी रहेको’ बारेमा पनि जानकारी गराइएको थियो ।

शोइगुलाई दिइएको रिपोर्टमा भनिएको छ, “युक्रेनी सेनाहरूको सङ्ख्या र बाहिरको सङ्ख्या कम छ त्यसैले पूर्वी मोर्चामा युक्रेनको मनोबल कमजोर छ त्यसैले उनीहरू रूसी सेनालाई जमीन सुम्पिदैछन् ।”बखमुत नजिकैका एक सैनिकले नाम नबताउने शर्तमा भन्नुभयो, “हामीसँग हतियार (गोलावारूद) सकिइसकेको छ र रूसीहरू आइरहन्छन् । हाम्रा धेरै साथीहरू घाइते भएका छन् वा त्योभन्दा पनि खराब अवस्थामा छन् । सबै कुरा झन् झन् बिग्रँदै गएको छ ।”



> बेलायतका प्रधानमन्त्री ऋषि सुनकले युक्रेनका लागि तत्काल आवश्यक तोपखानाको गोलाबारुदको उत्पादन बढाउन २४ करोड ५० लाख पाउन्ड (३१ करोड १० लाख अमेरिकी डलर) को नयाँ रक्षा प्याकेजको घोषणा गर्नुभएको छ । मस्कोले आफ्नो हतियार उत्पादनमा व्यापक वृद्धि गरेको छ र इरानबाट ड्रोन खरिद गरेको छ । रूसले उत्तर कोरियाली क्षेप्यास्त्रहरू प्रयोग गरेको पुष्टि भएको कीएभले दावी गरेको छ ।

कुनै पनि पक्षले सैनिक मृत्यु र घाइतेको सङ्ख्या सार्वजनिक गरेका छैनन् भने दुवै पक्षले ठूलो क्षति पुर्‍याएको दाबी गरेका छन् ।अगष्ट २०२३ मा द न्युयोर्क टाइम्सले अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै युक्रेनको ठूलो सैन्य क्षति (७० हजारको मृत्यु र एक लाख देखि एक लाख २० हजारसम्म घाइते) भएको उल्लेख गरेको थियो ।

गत डिसेम्बरमा सार्वजनिक भएको अमेरिकी गुप्तचर निकायले तीन लाख १५ हजार रूसी सैनिक मारिएको वा घाइते भएको सङ्केत गरेको थियो ।रूसी रक्षामन्त्री सेर्गेई शोइगुले युक्रेनमा मस्कोको सेनासँग हालै भेटेको र सेनाको अनुपातका आधारमा फाइदा आफ्नो पक्षमा रहेको बताउनुभएको

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले युक्रेनका लागि तत्काल आवश्यक तोपखानाको गोलाबारुदको उत्पादन बढाउन २४ करोड ५० लाख पाउन्ड (३१ करोड १० लाख अमेरिकी डलर) को नयाँ रक्षा प्याकेजको घोषणा गर्नुभएको छ । मस्कोले आफ्नो हतियार उत्पादनमा व्यापक वृद्धि गरेको छ र इरानबाट ड्रोन खरिद गरेको छ । रूसले उत्तर कोरियाली क्षेप्यास्त्रहरू प्रयोग गरेको पुष्टि भएको कीएभले दावी गरेको छ ।

जेलेन्स्कीले गत डिसेम्बरमा सेनाले थप पाँच लाख सैनिक परिचालन गर्न चाहेको बताउनुभएको थियो । जनपरिचालनलाई व्यापक बनाउने विधेयकले जनमानसमा व्यापक त्रास पैदा गरेको छ ।यस द्वन्द्वले रूसलाई पश्चिमबाट अझ बढी अलगावतर्फ धकेलेको छ, संयुक्त राज्य अमेरिका र यसका सहयोगीहरूले धेरै प्रतिबन्धहरू लगाएका छन् ।

अमेरिकी राष्ट्रपति बाइडेनले पुटिनको ‘वार मेसिन’ रोक्न निरन्तर दबाब दिने र पुटिनका सबैभन्दा मुखर आलोचक एलेक्सी नाभाल्नीको साइबेरियाको जेलमा गत हप्ता भएको मृत्युका लागि पनि मूल्य तोक्न माग गर्दै रुसविरुद्ध थप प्रतिबन्धको घोषणा गर्नुभएको छ । यसैबीच फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले शनिबार बिहान आफ्ना रूसी समकक्षीलाई युद्धलाई लिएर ‘युरोपेलीहरूको थकानमा भरोसा नगर्न’ आग्रह गर्दै फ्रान्सले कीएभलाई गरेको समर्थन ‘डगमगाउने छैन’ भनी प्रतिज्ञा गर्नुभएको छ ।

यद्यपि पुटिनले रूसी सेनालाई ‘सच्चा राष्ट्रिय नायक’ को संज्ञा दिनुभएको छ । उहाँले युद्धका वर्षहरू देशभक्ति जगाउन र असहमतिमाथि अझ कठोर दमन गर्न प्रयोग गर्नुभएको छ । युद्धको विरोधमा आवाज उठाउने साहस थोरैले मात्र गरेका छन् ।विपक्षी नेता नाभाल्नीको निधनले पुटिनका कट्टर प्रतिद्वन्द्वीलाई हटाएको छ र उहाँले अर्को महिना हुने चुनावमार्फत् आफ्नो कार्यकाल लम्ब्याउने तयारीलाई पक्का गर्नुभएको छ ।मस्कोको सडकमा हिँडिरहेका अधिकांश मानिसहरूसँग गरिएको सर्भेक्षणमा युक्रेनमा लडिरहेका रूसी सैनिकलाई आफ्नो समर्थन रहेको एएफपीसँग उनीहरूले बताएका थिए ।

“मलाई हाम्रा मानिसहरूप्रति गर्व छ”, वातावरण इन्जिनियर २७ वर्षीया नादेज्दाले भन्नुभयो, “निःसन्देह म उनीहरूका लागि चिन्तित छु, तर यो सुखद अनुभूति हो कि उनीहरूले राम्रो गरिरहेका छन्, उनीहरू त्यहाँ हाम्रो देशको लागि लडिरहेका छन् ।”वैकल्पिक राय दिने थोरै व्यक्तिहरूमध्ये एक वेटरको रूपमा काम गर्ने नाटक शिक्षक कोन्स्टान्टिन ले भने प्राय रूसीकोभन्दा भिन्न विचार राख्दै भन्नुभयो, “म कुनै पनि युद्धको विरुद्धमा छु । दुई वर्ष बितिसकेको छ र मानिसहरू एकअर्कासँग कुरा गर्न सक्दैनन् र अझै पनि युद्धमा छन् । यसले मलाई रिस उठ्छ ।

# नेपाल र प्यालेस्टाइन सेमिफाइनलमा

काठमाण्डु । साउदी अरेबियामा भइरहेको वाफ वुमन्स च्याम्पियन्सिपमा नेपाल सेमिफाइनल प्रवेश गरेको छ । समूह बी अन्तर्गत बिहीबारको खेलमा नेपाल र प्यालेस्टाइन दुवै विजयी भएपछि नेपालले सेमिफाइनलमा स्थान पक्का गरेको हो ।

गएरातिको खेलमा प्यालेस्टाइनले सिरियालाई १-० ले पराजित गरेपछि नेपालसँगै प्यालेस्टाइन पनि अन्तिम चारमा पुगेको छ । त्यसअघि नेपालले इराकलाई ५-० ले पराजित गर्दै लगातार दोस्रो जित हात पारेको थियो ।समूह बी मा नेपाल र प्यालेस्टाइन दुवैले लगातार दोस्रो खेल जित्दै ६ अंक जोडेका छन् । तर गोलअन्तरमा नेपाल अघि छ ।अब शनिवार हुने नेपाल र प्यालेस्टाइनबीचको खेलबाट समूह विजेताको टुङ्गो लाग्नेछ । पहिलो पटक वाफ च्याम्पियनसिप खेलिरहेको नेपालले पहिलो खेलमा सिरियालाई ४-१ ले पराजित गरेको थियो ।

लगातार दुई खेल हारेका इराक र सिरिया भने समूह चरणबाटै बाहिरिएका छन् ।८ टोली सहभागी प्रतियोगितामा समूह ए बाट जोर्डन र लेवानोनले सेमिफाइनलमा स्थान पक्का गरिसकेका छन् । दुवैले लगातार दुई खेल जितेका छन् ।

अब शुक्रबार हुने यी दुई टोलीको खेलबाट समूह ए को विजेता र उपविजेता निर्णय हुनेछ । नेपालले सेमिफाइनलमा यी दुई मध्ये एक टोलीसँग खेल्नुपर्नेछ ।जोर्डन साविक विजेता समेत हो भने अहिलेसम्म भएको ७ मध्ये ५ संस्करणको रुपमा पनि जितेको छ । लेवानोनको सबैभन्दा राम्रो नतिजा भनेको उपविजेता हो । गत संस्करणको फाइनलमा लेवानोन जोर्डनसँग नै पराजित भएको थियो । यस्तै लेवानोन दुई पटक तेस्रो भएको थियो ।

पहिलो पटक प्रतियोगिता खेल्दै आयोजकको रुपमा रहेको साउदी अरेबिया र पहिलो पटक नै सहभागिता जनाएको ग्वाम समूह ‘ए’ मा लगातार दुई खेल हार्दै बाहिरिसकेको छ ।यस प्रतियोगितामा नेपालकी सावित्रा भण्डारी साम्बा सर्वाधिक ६ गोल गर्दै शीर्ष स्थानमा छिन् ।

पहिलो खेलमा सिरिया विरुद्ध एक गोल गरेकी उनले दोस्रो खेलमा इराकलाई नेपालले ५-० ले हराउँदा पाँचै गोल गरेकी थिइन् ।

# ‘एकताका लागि दौड’ प्रतियोगितामा सम्पन्न



टुडे समाचारदाता

कर्णाली । ‘एकताका लागि दौड’ (रन फर युनिटी-२०८०) प्रतियोगिताको हाफ म्याराथन (२१ किलोमिटर)मा तातोपानी गाउँपालिका-७ जुम्लाका दलबहादुर कुँवर प्रथम हुनुभएको छ ।

नेपाली सेना उत्तरपश्चिम पृतनाद्वाराआजवीरेन्द्रनगरसुर्खेतमा आयोजित दौड प्रतियोगितामा कुँवरले एक घण्टा आठ मिनेटमा २१ किलोमिटर दूरी पार गरी प्रथम हुनुभएको हो ।एक घण्टा २३ मिनेटमा उक्त दूरी पार गरी रास्कोट नगरपालिका-३ कालीकोटका सन्तोष योगी द्वितीय हुनुभएको छ । एक घण्टा ३२ मिनेटमा २१ किलोमिटर दूरी पार गरी नेपाली सेनाका आशीष गुरुङले तृतीय स्थान हात पार्नुभएको छ ।

कर्णाली प्रदेश प्रमुख तिलक परियारले दौड प्रतियोगिताका प्रथम कुँवरलाई रु ३५ हजार, योगीलाई रु २५ हजार र गुरुङलाई रु १५ हजार नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको छ । त्यसैगरी, पुरुषतर्फ धिरबहादुर बुढा प्रथम, सञ्जीव नेपाली द्वितीय र अक्कल बडुवाल तृतीय हुनुभएको छ । प्रथम, द्वितीय र तृतीय हुने बुढा, नेपाली र बडुवाललाई रु २०, १० र पाँच हजार नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको छ ।

दश किलोमिटर दौडमा महिलातर्फ सुर्खेतका आशा रावत प्रथम, जुम्लाका द्वितीय र तृतीय स्थान जुम्लाका समिता बुढा राज्यलक्ष्मी रावलले प्राप्त गर्नुभएको छ । प्रथम, द्वितीय र तृतीय हुने रावत, बुढा र रावललाई क्रमशः रु २०, १० र पाँच हजार नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको छ । पाँच किलोमिटर दौड प्रतियोगितामा छात्रतर्फ अजय विक प्रथम, दीपेन्द्र बोहोरा द्वितीय र सुजन विक तृतीय भएका छन् । प्रथम, द्वितीय र तृतीय हुने क्रमशः अजय, दीपेन्द्र र सुजनलाई रु दश, पाँच र तीन हजार नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिएको छ ।

पाँच किलोमिटर छात्रातर्फ जुम्लाका कल्पना बुढा प्रथम, द्वितीय र तृतीय स्थान सुर्खेतका बिमला कार्की र उर्मिला खनालले प्राप्त गर्नुभएको छ । उक्त दौड प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने बुढा, कार्की र खनाललाई रु दश, पाँच र तीन हजार नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ ।

# शान्तिका लागि वार्ता प्रयास जारी रहँदा गाजामा सयौँको मृत्यु

एएफपी

गाजा पट्टी । इजरायली गुप्तचर प्रमुख युद्धविराम र प्यालेस्टिनी लडाकूहरूद्वारा बन्धक बनाइएका बन्धकहरूको फिर्तीको पयासलाई जारी राख्दै वार्ताको लागि पेरिसमा रहेका बेला गाजामा रातभर भएको आक्रमणमा १०० भन्दा बढी व्यक्तिको मृत्यु भएको शनिबार बताइएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले सार्वजनिक गरेको युद्धपछिको गाजाको योजनालाई शुक्रबार प्रमुख सहयोगी संयुक्त राज्य अमेरिकाले आलोचना र प्यालेस्टिनी प्रशासन र हमासले अस्वीकार गरेपछि पेरिस वार्ताको पहल भएको हो ।अनिकालको बढ्दो जोखिमबारे संयुक्त राष्ट्रसङ्घको चेतावनी र प्यालेस्टिनीहरूका लागि यसको मुख्य सहायता निकाय यूएनडब्ल्यूआरएले शनिबार बिहानै गाजावासीहरू ‘चरम सङ्कटमा रहेको’ र विश्वले यसलाई हेरिरहेको बताएको छ ।

एएफपीको फुटेजमा शुक्रबार उत्तरी क्षेत्रमा खानाका लागि लामबद्ध भएका गाजाका विक्षिप्त नागरिकहरू आफुहरूको पीडा व्यक्त गर्दै प्रदर्शन गरिरहेको देखिएको छ ।जबालियानिवासी अहमद अतेफ साफीले भन्नुभयो, “हेर्नुस, हामी खाद्यन्नको लागि एकआपसमा सङ्घर्ष गरिरहनुपरेको छ । हामी कहाँ जाने?”“हामीसँग पानी छैन, पीठो छैन र भोकले गर्दा हामी धेरै थकित छौं । आगो र धुवाँका कारण हाम्रो ढाड र आँखा दुखेको छ,” जाबालियानिवासी ओम वाज्दी सलहाले एएफपीसँग भन्नुभयो । “भोक र खानाको अभावका कारण हामी आफ्नो खुट्टामा उभिन सक्दैनौं ।”


संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता निकाय ओसिएचएले सामाजिक सञ्जाल एक्समा शुक्रबार राति जारी गरेको वक्तव्यमा भनिएको छ, “पर्याप्त खाद्यान्न र पानीको आपूर्तिका साथै स्वास्थ्य र पोषण सेवाको अभावमा गाजामा अनिकालको उच्च जोखिम बढ्ने अनुमान गरिएको छ । यसैबीच, मोसाद गुप्तचर निकायका प्रमुख डेभिड बार्नियाको नेतृत्वमा इजरायली प्रतिनिधिमण्डल बाँकी बन्धकहरूलाई फिर्ता गर्ने सम्झौताका लागि शनिबार पेरिसमा पुगेको छ । बार्नियासँगै शिन बेट सुरक्षा निकायका रोनेन बार पनि सहभागी हुने इजरायली सञ्चारमाध्यमले जनाएका छन् ।

संयुक्त राज्य अमेरिका, इजिप्ट र कतार सबै युद्धविराम र कैदी तथा बन्धक आदान-प्रदान सुनिश्चित गर्ने उद्देश्यले विगतका वार्ताहरूमा सहभागी हुँदै आएका छन् । नेतन्याहूको सरकारमाथि युद्धविरामका लागि वार्ता गर्न र चार महिनाभन्दा बढीको युद्धपछि बन्धकहरूको रिहाई सुनिश्चित गर्न दबाब बढ्दै गएको छ, बन्दीहरूको परिवारको प्रतिनिधित्व गर्ने एक समूहले शनिबार राति पेरिसमा भएको वार्ताकै दौरान ‘विशाल र्‍याली’ को योजना बनाएको छ ।

ह्वाइट हाउसका दूत ब्रेट म्याकगर्कले यसै साता इजरायली रक्षामन्त्री योआभ ग्यालेन्टसँग तेल अभिभमा वार्ता गर्नुभएको थियो भने हमासका प्रमुख इस्माइल हनियेहसहित अन्य मध्यस्थकर्तासँग काएरोका कुराकानी गर्नुभएको थियो । हमास स्रोतका अनुसार नयाँ योजनामा छ हप्ताका लागि द्वन्द्व स्थगन गर्ने र हमासले बन्धक बनाएका ३५ देखि ४० जनाको बदलामा २०० देखि ३०० प्यालेस्टिनी कैदीलाई रिहा गर्ने प्रस्ताव गरिएको छ ।

बार्निया र सीआईएका उहाँका अमेरिकी समकक्षीले गत नोभेम्बरमा एक साता लामो युद्धविराम वार्तामा सहयोग गरेका थिए, जसमा इजरायली जेलमा रहेका २४० प्यालेस्टिनी कैदीको बदलामा ८० जना इजरायली बन्धकलाई रिहा गरिएको थियो ।यसअघि, अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता किर्बीले पत्रकारहरूसँगको भेटमा अहिलेसम्मको छलफल ‘राम्रो चलिरहेको’ बताउनुभएको थियो भने इजरायली युद्ध क्याबिनेट सदस्य बेनी गान्ट्जले ‘प्रगतिको सम्भावनालाई प्रकट गर्ने पहिलो सङ्केत’ बताउनुभएको थियो ।

# अष्ट्रियाका पूर्व चान्सलर कुर्जलाई आठ महिनाको जेल सजाय



सिन्ह्वा

भियना । अष्ट्रियाका पूर्व चान्सलर सेबास्टियन कुर्जलाई झुटो बयान दिएको अभियोगमा भियना क्षेत्रीय अदालतले शुक्रबार दोषी ठहर गर्दै आठ महिनाका जेल सजाय सुनाएको छ ।

कुर्जले अस्ट्रियाको संसद्को छानबिन समिति समक्ष झुटो बयान दिएको अदालतले फैसलामा उल्लेख गरेको अस्ट्रियाली समाचार संस्था एपीएले जनाएको छ । उहाँले सरकारी स्वामित्व रहेको कम्पनी ओईबीएजीको सल्लाहकार समितिको नियुक्तिमा संसदीय अनुसन्धानको क्रममा स्वीकार गरेभन्दा बढी प्रभाव पारेको प्रमाणले देखाएको छ ।

सैँतीस वर्षीय सन् २०१७ देखि २०१९ सम्म र २०२० देखि २०२१ सम्म अष्ट्रियाको चान्सलरको रूपमा काम गर्नुभएको थियो । भ्रष्टाचारको आरोप लागेपछि सन् २०२१ को अक्टोबरमा उहाँले चान्सलर पदबाट राजीनामा दिनुभएको थियो ।

सन् २०२१ को डिसेम्बरमा उहाँले राजनीतिबाट टाढा हुने घोषणा गर्नुभएको थियो ।

# पाकिस्तानलाई स्वच्छ ऊर्जा रूपान्तरणको अवसर लिन विज्ञहरूको सुझाव

सिन्ह्वा

इस्लामावाद । पाकिस्तानलाई कार्बनरहित पर्यावरण-मैत्री इन्धनको प्रवृत्तिको बीचमा, स्वच्छ ऊर्जा रूपान्तरण हासिल गर्ने अवसरको उच्च सदुपयोग गर्ने सुझाव विज्ञहरूले शुक्रबार दिएका छन् ।

दीगो विकास नीति संस्थानका कार्यकारी निर्देशक आबिद कयुम सुलेरीले हरित हाइड्रोजन विकास क्षमता हासिल गर्न चीन-पाकिस्तान आर्थिक कोरिडोर (सिपिइसी) ढाँचा अन्तर्गत पाकिस्तानी र चिनियाँ कम्पनीहरूबीच लगानी र संयुक्त उद्यमका अवसरहरू खोज्न विशेषज्ञ, अनुसन्धानकर्ता र विद्यार्थीहरूलाई आग्रह गर्नुभएको हो ।

राष्ट्रिय ऊर्जा दक्षता तथा संरक्षण समितिका प्रबन्ध निर्देशक सरदार मोहज्जमले बढ्दो जलवायु परिवर्तन, बढ्दो जनसङ्ख्या र ऊर्जाको मागमा ऊर्जाको अपरिहार्य स्रोत भएकाले हाइड्रोजन उत्पादन निर्विकल्प



भएको बताउनुभएको छ ।

सकारात्मक परिवर्तन हासिल गर्न, नीतिगत पहलहरूलाई हाइड्रोजन उत्पादनको अवधारणासँग मिलाउनु आवश्यक रहेकाले यसका लागि दृष्टि, नीति, कोष र नियमहरूको स्पष्टता चाहिने उहाँले उल्लेख गर्नुभयो ।

सन् २०२३ मा सुरु गरिएको चीनद्वारा प्रस्तावित ऊर्जा, यातायात र औद्योगिक सहयोगलाई उजागर गर्ने बेल्ट एन्ड रोड इनिसिएटिभ अन्तर्गतको प्रमुख परियोजना सिपिइसी, पाकिस्तानको दक्षिणपश्चिम ग्वादर बन्दरगाहलाई उत्तरपश्चिम चीनको सिन्जियाङ उइगुर स्वायत्त क्षेत्रको काशगरसँग जोड्ने कोरिडोर हो ।

# युरोपेली आयोगद्वारा युरोपमा २३ करोड युरोभन्दा बढी लगानी

एएनआई

ब्रसेल्स । युरोपेली आयोगले युरोपियन ग्रीन डिल अन्तर्गत यूरोपेली सङ्घ ९ईयु०को वातावरणीय र जलवायु महत्वाकांक्षाको कार्यान्वयनलाई समर्थन गर्न युरोपमा १२ वटा नयाँ रणनीतिक परियोजनाहरूमा २३ करोड ३० लाख भन्दा बढी लगानी गरिरहेको छ ।

रणनीतिक परियोजनाले कृषि, क्षेत्रीय र अनुसन्धान कोषका साथै राष्ट्रिय सरकार र निजी क्षेत्रको लगानीसहित अन्य ईयू स्रोतहरूबाट पर्याप्त अतिरिक्त कोष परिचालन गर्ने अपेक्षा गरिएको छ ।


बाह्र रणनीतिक परियोजनालाई प्रदान गरिएको कोषले बुल्गेरिया, आयरल्याण्ड, स्पेन, फ्रान्स, इटाली, लिथुआनिया, अस्ट्रिया, पोल्याण्ड र फिनल्याण्डलाई उनीहरूको राष्ट्रिय वातावरणीय र जलवायु लक्ष्यहरूमा पुग्न मद्दत गरी ईयूको हरित कार्यक्रममा आफ्नो योगदान बढाउने बताइएको छ । कार्यक्रम वातावरण र जलवायु संसक्षणका लागि ईयुको लगानी हो ।

# प्लास्टिकजन्य फूलको प्रयोग गर्नेलाई कारबाही

**टुडे समाचारदाता**

काठमाण्डु । गत साउनदेखि काठमाडौँमहानगरपालिका(कामपा) ले सजावट वा अन्य प्रयोजनका लागि प्लास्टिकजन्य फूलको प्रयोगमा रोक लगाएको छ ।

कामपाले अनुगमन गरी प्लास्टिकजन्य फूलको प्रयोग गरेको भेटिए कारबाही गर्ने जनाएको छ। केही पार्टी प्यालेसले लुकीछिपी प्लास्टिकजन्य फूलको प्रयोग गरिरहेको जानकारी प्राप्त भएकाले कामपाले त्यस्ता स्थानमा निगरानी गरी प्रयोग गरेको पाइएमा कारबाही गर्ने जनाएको हो ।



महानगरले विसं २०८० साउन १ गतेदेखि ४० माइक्रोनभन्दा कम मोटाइका पोलिथिन झोला, नक्कली फूल र सजावटका वस्तु तथा सामग्री ल्याउन, भण्डारण गर्न र बिक्री गर्न प्रतिबन्ध लगाएको छ । "सहरको व्यवस्थापन, स्वच्छता र वातावरणीय सुधारका लागि कामपाले तर्जुमा गरेका कानुनी व्यवस्थाको कार्यान्वयन गराउनु हाम्रो दायित्व हो । व्यवस्थापन गर्नुपर्ने क्षेत्रको सूक्ष्म निगरानी गरिरहेका छौँ", महानगर प्रहरी बलका प्रमुख नगर प्रहरी वरिष्ठ उपरीक्षक राजुनाथ पाण्डेले भने । यस प्रक्रियामा सहयोग गर्न सबैलाई आग्रह गर्दै उनले अनुरोधलाई अटेर गरेर प्लास्टिकका फूलको प्रयोग गरेको भेटिए कारबाही गरिने बताए ।

प्लास्टिकजन्य वस्तुका कारण सृजित फोहर घटाउन तथा वातावरणलाई स्वच्छ बनाउने उद्देश्यले महानगरले प्लास्टिकका फूलसँगै ४० माइक्रोनभन्दा कम मोटाइका पोलिथिन झोला भण्डारण, बिक्री र प्रयोगमा रोक लगाउँदै आएको नगर प्रहरी वरिष्ठ उपरीक्षक पाण्डेले जानकारी दिए। "सामान्यतयाः ४० माइक्रोनभन्दा पातला झोला पुनः प्रयोग गरिँदैनन् । यसलाई कि जलाइन्छ, कि वातावरणमा फालिन्छ वा फोहरको पोको बनाएर बाहिर निकालिन्छ । यसरी जुनसुकै कारणबाट बाहिर निस्किए पनि यसले वातावरणमा नकारात्मक असर गर्दछ", पाण्डेले भने ।

**स्रोतबाटै वर्गीकरण गरी कम्पोष्ट मल बनाइने**

कामपाले फोहरको स्रातेबाटै वर्गीकरण गरी कम्पोष्ट मल बनाउने कार्यको थालनी गरेको छ । ३२ वडा रहेको कामपाले वडा नं २७ बाट सङ्कलन गरिएका करिब १४ हजार किलोग्राम जैविक फोहर टेकु ट्रान्सफर स्टेसनमा कम्पोष्टिङ गरेको कामपा वातावरण विभागले जनाएको छ।

फोहरलाई स्रोतमा वर्गीकरण गर्न थालेपछि जम्मा भएका फोहरलाई छुट्टै सङ्कलन र व्यवस्थापन गरिदैँ आइएको विभागका प्रमुख रविनमान श्रेष्ठले जानकारी दिए । उनका अनुसार घरेलु फोहरको दिगो व्यवस्थापनका लागि स्रोतमा वर्गीकरण गर्ने कामको थालनी वडा नं २७ बाट गरिएको हो । आगामी दिनमा सबै वडाबाट यस कार्यलाई निरन्तरता दिन तयारी भइरहेको कामपाले जनाएको छ ।वडा नं २७ को फोहर वर्गीकरण गरेर गत माघ २१ गतेदेखि टेकु ल्याउन थालिएको विभागका प्रमुख श्रेष्ठले बताए । उनले सङ्कलन भएको फोहरलाई पाइल (सङ्कलन गरिएका फोहरका थुप्रो) गर्न थालिएको भन्दै अहिलेसम्ममा चार वटा पाइल तयार भइसकेको जानकारी दिए।

# कृषि उद्यममा नमूना 'एनएमसी एग्रो'

**टुडे समाचारदाता**

झापा। नेपाल बहुउद्देश्यीय सहकारी संस्था (एनएमसी)ले कृषिमा लगानी र आम्दानी बढाउँदै लगेको छ। सहकारीले १६ बिघा जग्गा खरिद गरेर २०७५ सालदेखि 'एनएमसी एग्रो फार्म' सञ्चालन गर्दै आएको हो ।

मेचीनगर-१४ कलमबाडीस्थित सो फार्ममा गाईपालन, माछापालन, हाँसपालन, मौरीपालन, कस्टम हाइरिङ सेवा, साइलेज र तरकारी उत्पादन हुँदै आएको छ। कृषि उद्यममा उक्त फार्म नमुना बन्दै गएको छ। विसं २०५० मा बचत तथा ऋण कारोबार सुरु गरेको नेपाल बहुउद्देश्यीय सहकारी संस्थाले कृषि, उद्योग, व्यापार र सेवाको विविध क्षेत्रमा लगानी बढाउँदै लगेको छ।




एग्रो फार्ममा रु २२ करोड ७६ लाख लगानी भइसकेको संस्थाका संस्थापक अध्यक्ष रामचन्द्र उप्रेतीले जानकारी दिए। एग्रो फार्मबाट ४० जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । कारोबार र सदस्यको आधारमा कोशी प्रदेशकै ठूलोमध्येको यस सहकारी संस्थाले एग्रो फार्मसहित डेरी उद्योग, बचत तथा ऋण कारोबार, सहकारी पसल र चिया व्यवसाय सञ्चालन गर्दै आएको छ।

एग्रो फार्मका लेखा विभाग प्रमुख सुमन पोखरेलका अनुसार फार्मले ६ महिनामा रु दुई करोड सात लाख आम्दानी गरेको छ। चालु आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक अवधिमा गाईपालनबाट सबैभन्दा धेरै रु ८० लाख २६ हजार आम्दानी भएको छ । सो अवधिमा फार्ममा एक लाख १२ हजार ६४२ लिटर दूध उत्पादन भएको थियो ।

एग्रो फार्ममा एक सय उन्नत जातका गाई पालिएका छन् । जसमध्ये ४५ गाई दूध दिइरहेका लहिनो छन् । एउटा गाईले दैनिक २५ देखि ४० लिटरसम्म दूध दिने गरेको प्रमुख पोखरेलले बताए । मौरीपालनबाट दुई हजार ४५ किलो मह उत्पादन भएको र त्यसको बिक्रीबाट रु १२ लाख ६८ हजार आम्दानी भएको फार्मले जनाएको छ । फार्मले उक्त अवधिमा चार हजार ८१० किलो माछा र ७७३ किलो हाँसको मासु उत्पादन गरेको छ।

माछापोखरी एक बिघा १० कट्ठा क्षेत्रफलमा फैलिएको छ । जहाँ उत्पादित माछा बेचेर रु १२ लाख ३६ हजार आम्दानी गरेको फार्मले जनाएको छ। फार्ममा गाईभैँसीको पोषिलो आहार मानिएको बेल साइलेज उत्पादन हुने गरेको छ। फार्मले साइलेज जिल्लाभरका साना गाई फार्म र पशुपालक कृषकलाई बिक्री गर्दै आएको छ।

चालु आवको ६ महिनामा रु १० लाख ७५ हजारको पोषिलो घाँस र रु सात लाख ९० हजारको बेल साइलेज बिक्री भएको फार्मका अधिकृत पोखरेलले जानकारी दिए । उनका अनुसार तरकारी बिक्रीबाट रु ६ लाख ५० हजार र बिरुवा बिक्रीबाट रु ६ लाख ५८ हजार आम्दानी भएको छ । फार्मको कस्टम हाइरिङ सेन्टरबाट रु ५५ लाख ७२ हजार आम्दानी भएको छ । आगामी दिनमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र (सिटिइभिटी)सँग सम्बन्धन लिएर कृषि तथा पशुपालनसम्बन्धी विभिन्न प्रकृतिका तालिम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्ने फार्मको योजना रहेको छ।

# बजेट अभावमा रोकिए तीन जिल्लाका चार सडक

**टुडे समाचारदाता**

गलकोट । तीन जिल्लाका चार ठूला सडक बजेट अभावका कारण निर्माण रोकिएको छन् । सङ्घीय सरकारअन्तर्गत २०७९ सालमा सुरु भएका बागलुङका दुई, म्याग्दीको एक र मुस्ताङको एक गरी चारवटा ठूला सडकको काम अहिले रोकिएको हो ।

सडक डिभिजन कार्यालय बागलुङको कार्यक्षेत्रमा रहेका तीन जिल्लाका चार ठूला सडक कालोपत्र गर्ने योजना बजेट अभावमा रोकिएको कार्यालयका सूचना अधिकारी एवं इन्जिनियर अमर अधिकारीले जानकारी दिए। उनका अनुसार चार सडक रु एक अर्ब १९ करोड ९२ लाख ९३ हजारमा निर्माण भइरहेकामा अर्थमन्त्रालयले बजेट नपठाउँदा यस वर्ष काम हुन सकेको छैन।

चार सडकलाई चालू आर्थिक वर्षमा रु एक करोडका दरले रु चार करोड मात्रै बजेट विनियोजन भएकाले रकम अभाव भएको अधिकारीको भनाइ थियो । बागलुङ क्षेत्र नं १ को र म्याग्दीमा निर्माण भइरहेका सडकको रु सात करोड १२ लाख ४७ हजार रकम भुक्तानी गर्न बाँकी रहेको उनले जानकारी दिए ।उक्त चार सडक निर्माणका लागि रु एक अर्ब १९ करोड बजेट आवश्यक पर्नेमा चालू आवमा रु चार करोड मात्रै बजेट विनियोजन भएकाले समस्या भएको भन्दै इञ्जिनियर अधिकारीले पटकपटक अर्थमन्त्रालयमा बजेट थप गर्न अनुरोध गरिएको जानकारी दिए।

'एक निर्वाचन क्षेत्र, एक रणनैतिक सडक' कार्यक्रमअन्तर्गत बागलुङ क्षेत्र नं १ स्थित बागलुङ बजार अदालतदेखि चौपारी-सिगाना-चापाखर्क-गाजाको दह हुँदै बरेङ शान्तिपुर जोड्ने सडकको गत वर्ष ४८ प्रतिशत भौतिक प्रगति भए पनि दायित्व भुक्तानी नपाएपछि निर्माण व्यवसायीले यस वर्ष काम गर्न सकेको छैन।

दश किमी कालोपत्र गर्न रु २९ करोड ३७ लाख ८८ हजारमा सम्झौता भएको थियो। निर्माणको जिम्मा पाएको कर्ण बिल्डर्ससले सुरुमा कामलाई तीव्रता दिए पनि भुक्तानी नपाएपछि काम गर्न समस्या भइरहेको निर्माण कम्पनीका प्रतिनिधि सन्दीप श्रेष्ठले बताए । "गत वर्षको रु तीन करोड ३१ लाख तीन हजार भुक्तानी पाउन बाँकी छ । चालू आवमा जम्मा रु एक करोड बजेट विनियोजन भएपछि काममा फर्कन समस्या भएको हो", उनले भने । श्रेष्ठले दायित्व भुक्तानी हुनासाथ काममा फर्कन बताउँदै बजेट थप्न आग्रह गरे।

बागलुङ क्षेत्र नं २ अन्तर्गत हरिचौर बजारबाट मल्म, पाण्डवखानी-रमुवा-रणसिंह किटेनी हुँदै निसीखोलाबाट प्यूठान जोड्ने सडक विसं २०७९ मा रु २५ करोड २० लाखमा सम्झौता भएको थियो। उक्त सडकका लागि रु एक करोड बजेट विनियोजन भएपछि काम रोकिएको हो । यस खण्डको १८ प्रतिशत मात्रै भौतिक प्रगती भएको छ।

एक वर्षमा रु २५ करोडको सडकमा रु एक करोड बजटले काम गर्न समस्या भएको गलकोट नगरपालिका-७ मल्मका वडाध्यक्ष राज थापाले बताए । म्याग्दी जिल्लाको रत्नेचौर-ज्यामरुककोट, भकिम्लि हुँदै बराङ्जा जाने सडकको पूर्वाधार निर्माण सकिएपनि बजेट अभावमा कालोपत्र हुन सकेको छैन । हालसम्म ४५ प्रतिशत भौतिक प्रगति गरेको उक्त सडकको निर्माण व्यवसायीलाई गत वर्षको रु तीन करोड ८१ लाख ४४ हजार भुक्तानी दिन बाँकी छ। मुस्ताङको रणनीतिक सडकअन्तर्गत पर्ने लेतेस्थित थासाङ गाउँपालिका-२, ३, ४ र ५ मा पर्ने छ्यो-कुन्जे-टिटी-धम्पु हुँदै कोखेटाटी पुग्ने सडकमा बजेट अभावका कारण काम प्रभावित बनेको छ।

तीन वर्षमा कालोपत्र गर्नेगरी रु ३८ करोड ८८ लाख ६१ हजारमा निर्माण व्यवसायीसँग सम्झौता भएको उक्त खण्डको हालसम्म २२ प्रतिशत भौतिक प्रगति भएको सडक डिभिजन कार्यालयले जनाएको छ। उक्त सडकमा गत वर्षको भुक्तानी दायित्व नरहे पनि चालू आवमा विनियोजन भएको रु एक करोडले काम गर्न समस्या भएको निर्माण कम्पनीको भनाइ छ। रु ३८ करोडको सडक निर्माणका लागि एक वर्षमा रु एक करोड मात्र बजेट आउँदा काम गर्न नसकिएको सडक डिभिजन कार्यालयले जनाएको छ।

कार्यालयका प्रमुख अनुक्षा घिमिरेले अर्थमन्त्रालयले आवश्यक बजेट नपठाउँदा काम गर्न समस्या भइरहेको बताए । उनले तीन जिल्लाका चार ठूला सडकको कालोपत्रको काम सुरु गर्ने समयमा बजेट कटौती हुँदा निर्माण व्यवसायीले काम छोडेर हिडेका बताए । "ठूला सडक सिगाना र रत्नेचौरको कामको प्रगति सम्झौता अघिनै सक्नेगरी अघि बढेको थियो। गत असारमा बजेट कटौती भएर भुक्तानी गर्न सकिएन । यो वर्ष भुक्तानीका लागि पर्याप्त बजेट छैन", घिमिरेले भने, "अर्थमन्त्रालयमा बजेट थप गर्नका लागि समन्वय भइरहेको छ। हालसम्म बजेट थप नभएको अवस्थामा यो वर्ष चार वटै सडकमा काम नहुने देखिएको छ।"

# तीन स्थानमा कुलो निर्माण

**टुडे समाचारदाता**

टक्सार । साना सिँचाइ कार्यक्रमअन्तर्गत यहाँ एकैसाथ तीन कुलो निर्माण सुरु छ। भोजपुर नगरपालिका-८ एकैपटक तीन वटा पक्की कुलो बन थालेपछि किसान उत्साहित बनेका छन्। कुलो बनेसँगै सहजरुपमा हिउँदे तथा बर्खे खेती गर्न पाइने भएपछि कृषकमा उत्साह थपिएको हो।

सिँचाइ अभावमा वर्षाको भरमा खेती गर्न बाध्य यहाँका किसान व्यवस्थित पक्की कुलो बनेपछि खेतीमा सहजता देखिएको स्यालेखण्ड सिँचाइ कुलो निर्माण समितिका अध्यक्ष भगिरथ कठेतले बताए। उनका अनुसार बन्दै गरेको कुलोले करिब तीन सय बढी रोपनी खेतीमा सहजता हुनेछ ।केन्द्र, प्रदेश र नगरपालिकाको २० प्रतिशतका दरले र स्वीस सरकारको ३० प्रतिशत अनुदान र स्थानीय कृषकको १० प्रतिशत लगानीमा तीन वटा कुलो निर्माण भइरहेका छन् । वडाभित्र हाल साना सिँचाइ आयोजनामार्फत ढुङ्गेबास, स्यालेखण्ड र भैसरा सिँचाइ कुलो निर्माणको चरणमा छन्।

तीन वटै कुलोका काम अहिले तीव्ररुपमा अगाडि बढिरहेको वडाध्यक्ष नवीन प्रधानले बताए। उनका अनुसार निर्माणाधीन तीन वटै कुलो बनेपछि करिब एक हजार बढी रोपनी क्षेत्रफलमा सिँचाइकोपहुँचपुग्नेछ। जनप्रतिनिधिसहित वडाका सरोकारवालाको सहभागितामा निर्माणको अनुगमन तथा निरीक्षण पनि निरन्तर भइरहेको छ। बनिरहेका कुलोमा उपभोक्ता आफैँ खटेकाले गुणस्तरीय काम भइरहेको अनुगमन समितिका सदस्य लक्ष्मण भुजेलले बताए । कृषकका लागि आएको उक्त आयोजनामा उहाँहरु आफैँ उत्साह र मेहनतका साथ प्रत्यक्ष सहभागिता जनाउनु प्रशंसनीय काम भएको समितिका सदस्य कुमार खडकाले बताए । कुलो निर्माण भएपछि धान खेतीका साथै अन्य बाली लगाउन पनि कृषकलाई सहजता हुने स्थानीय खम्बबहादुर बानियाले बताए।

दीर्घकालीनरुपमा कुलो प्रयोगमा आउने गरी निर्माणमा आफैँ लागिपरेकाले निर्माण गुणस्तरीय बनाइने ढुङ्गेबास सिँचाइ कुलोका अध्यक्ष शम्भु खडकाले बताए । उनले भने, "निर्माण गुणस्तरीय बनाउनका लागि आफैँ कृषक संलग्न भएर काम गरिरहेका छौँ। वर्षौँपछि कुलो बन्न लागेको छ यो हाम्रो लागि गौरवको विषय हो।"


## Hanspur Municipality
## Office of the Municipal Executive
### Baghachauda,Dhanusha
### Madhesh Pradesh
## Invitation for Bid

**First Date of publication: 25th Feb 2024 A.D. (2080/11/13)**

1. Hanspur Municipality, Office of the Municipal Executive, Dhanusha invites electronics bids from eligible bidders for the following procurement of works under National Competitive Bidding-Single Stage: Single Envelope Bidding Procedures.Bidding is open to all eligible Nepalese Bidders.

| S. N. | Contract Name & ID No. | Total Cost (With VAT & contingencies) | Bid Document Price (Non Refundable) | Last Date of Bid Purchase | Last Date of Bids Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Amount Nrs. | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | वडा नं ५ सुगानिकास बजारदेखि वडा नं ९ को सहिद पथसम्म पक्कि सडक (HAN/MUN/DHA/NCB/WORKS/02/2080-081) | 1,81,42,955.65 | Nrs.3000 | 26thMar 2024, during office hrs. | 27th Mar 2024, (Within 12:00 hrs) | 27th Mar2024, Within 14:00 hrs | 90 days | 5,08,000.00 | 25th Jul 2024 |
| 2 | टिल्ही वार्ड नं ६ देखि नौवाखोइर हुदै परसाही सम्म मर्मत कार्य (HAN/MUN/DHA/NCB/WORKS/03/2080-081) | 28,62,222.78 | Nrs.3000 | 26th Mar 2024, during office hrs. | 27th Mar 2024, (Within 12:00 hrs) | 27th Mar 2024, Within 14:00 hrs | 90 days | 81,000.00 | 25th Jul 2024 |
| 3 | धनुषा जिल्ला को हंसपुर वडा न. ९ को बालगंगा चौक हुदै कट्टी सम्म नाला समेत को सडक ढलान (HAN/MUN/DHA/NCB/WORKS/04/2080-081) | 29,98,625.48 | Nrs.3000 | 26th Mar 2024, during office hrs. | 27th Mar 2024, (Within 12:00 hrs) | 27th Mar 2024, Within 14:00 hrs | 90 days | 84,000.00 | 25th Jul 2024 |
| 4 | धनुषा जिल्लाको हंसपुर वडा न.०९ को बालगंगा बजार देखि वडा न.०७ को नौवा खोर परसाहि बजार सम्म कालो पत्रे सडक तथा वडा न. पाँच को बेल्ही देखि वडा न.०४ को सुगा मधुकरी सम्म कालोपत्रे सडक निर्माण कार्य (HAN/MUN/WORKS/SQ-11-2080-081) | 19,99,230.32 | Nrs.1000 | 10th Mar 2024, during office hrs. | 12th Mar 2024, (Within 12:00 hrs) | 12th Mar 2024, Within 14:00 hrs | 45 days | 56,000.00 | 26th May 2024 |

2. Eligible Bidders may obtain further information from the Hanspur Municipality, office of the Municipal Executive or Visit https://www.bolpatra.gov.np/egp or https://www.hansapurmun.gov.np.

| Information to deposit the cost of bidding document in Bank: | For Bid Security as cash |
|---|---|
| Name of the Bank: NMB Bank Ltd. | Bank Name: NMB Bank ltd. |
| Name of Office : Hanspur Municipality, Baghachauda, Dhanusha | Bank Address: Hanspur Chowk, Belhi |
| Office Account no.: 1170073463800019 | Account Number:1170073463800178 |
| Shirshak no. :Antarik Rajaswo Khata Ga-1-1 | Shirshakno: Darauti Khata Ga-3 |

3. If any provisions of this document are inconsistent with Public Procurement Act 2063 and public procurement Regulations 2064,the provision of this document shall be void to the extent of such inconsistency and the provision of PPA and PPR prevail.

**Chief Adminstrative Officer**

# झोलुंगे पुलको उद्घाटन र पक्की पुलको शिलान्यास

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा-सिरहा जोड्ने कमला नदीमा निर्माण भएको झोलुंगे पुल संचालनमा आएको छ भने अर्को नयाँ बन्न लागेको पक्की पुलको शिलान्यास गरिएको छ ।

सिराहा नगरपालिका वडा-१३ स्थित मल्हनीया र धनुषाको जनकनन्दिनी गाउँपालिका वडा-६ कठाल जोड्ने गरी निर्माण गरिएको कठाल-मल्हनिया-मल्टिस्पान झोलुंगे पुलको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शनिबार उद्घाटन गरेका छन् ।



करिब २५ करोड ८० लाख रुपैयाँ र कार्यालयबाट उपलब्ध गराइएको तीन करोड ५ लाख रुपैयाँ बराबरको लठ्ठा र बुल्डग ग्रिप्सको लागतमा सम्पन्न भएको सो झोलुंगे पुलको भारवहन क्षमता ५४० मेट्रिक टन (करिब ३८८६ पदयात्री) रहेको छ ।

झोलुंगे पुलको चौडाई ४ फिट रहेकोले मानिस, चौपाया, साइकल र मोटरसाइकलले प्रयोग गर्न सक्ने भए पनि झोलुंगे पुलको आयु लम्ब्याउन मोटरसाइकल तार्दा कम गतिमा वा डोऱ्याएर तार्न र टेम्पो तार्नेजस्ता कार्य नगर्न सस्पेन्सन बृज डिभिजनले अनुरोध गरेको छ ।

त्यस्तै प्रधानमन्त्री प्रचण्डले धनुषा र सिरहा जोड्ने अर्को नयाँ पक्की पुलको शिलान्याससमेत गरेका छन् ।

धनुषाको सबैला नगरपालिका वडा- ४ र सिरहाको कल्याणपुर नगरपालिको वडा- ५ जोड्ने पक्की पुलको शिलान्यास गरिएको छ ।

एक अर्ब ११ करोड रुपैयाँभन्दा बढी लगानीमा निर्माण हुने सो पुलको लम्बाइ ६०० र ७ दशमलव ५ मिटर चौडाइ रहने छ । डबल लेनको यस पुल निर्माणपछि दुई जिल्लाका जनतालाई आवतजावतमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# जनकपुरधाममा गण्डकीका सभामुखसहितको टोली

गण्डकी प्रदेशका सभामुख धितालले नेपालका लागि प्रदेशसभा र प्रदेशगत संसदीय अभ्यास नयाँ भएकाले आ-आफ्ना प्रदेशमा हुने असल अभ्यासबारे सिक्ने र सिकाउने उद्देश्यसहित आफूले अन्तरप्रदेशसभा संसदीय भ्रमणलाई अभियानका रूपमा लिएको बताए । प्रदेशसभालाई व्यवस्थित, परिणाममुखी र प्रभावकारी बनाउन अन्तरप्रदेश अनुभवले महत्वपूर्ण सिकाइको काम गर्ने विश्वास उनले व्यक्त गरे ।

टुडे समाचारदाता

जनकपुरधाम । प्रदेशसभामा हुने संसदीय अभ्यास, व्यवस्थापन र अनुभव आदानप्रदान गर्ने उद्देश्यले गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धिताल नेतृत्वको टोली अन्तर प्रादेशिक भ्रमणमा जनकपुरधाम आएका छन् ।

मधेश प्रदेशसभा सचिवालयका सचिव मनोजकुमार गिरीले सो टोलीलाई मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डल, उपसभामुख बबिताकुमारी राउत ईशरलगायतले स्वागत गरेको जानकारी दिए । टोलीमा गण्डकी प्रदेशका उपसभामुख विनाकुमारी थापासमेत रहेका छन् । उनीहरूबीच आ-आफ्नो प्रदेशले गरिरहेका अभ्यासबारे जानकारी आदानप्रदान भएको थियो ।



यसअवसरमा मधेश प्रदेशका सभामुख मण्डलले प्रदेशसभाको संसदीय अभ्यासलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सातै प्रदेशसभाबीच समन्वय तथा सहकार्य जरुरी रहेको बताए । उनले प्रदेशसभा तथा संघीय संसद्ले संविधानले परिकल्पना गरेअनुरूप सहकारिता, समन्वय र सहअस्तित्वको भावनासहित एकअर्कालाई सहगोग गर्नुपर्ने आवश्यकतासमेत औंल्याए ।

"लामो आन्दोलन र संघर्षको बलमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा हरेक क्षेत्र र व्यक्तिलाई आफ्नो अस्तित्व तथा पहिचानका लागि छुट्टाछुट्टै रुपमा सोच्नुपर्ने अवस्था बनाए पनि एकअर्काको मर्म बुझ्न नसकेमा समस्या उत्पन्न हुन्छ । त्यसैकारण जनताको सुख र समृद्धिको लक्ष्यप्राप्त गर्न सबै प्रदेश र सबै तहका सरकार मिलेर जानुको विकप छैन । यस्ता भ्रमणले सो भावनामा बल पुऱ्याउने काम गर्छन्", सभामुख मण्डलले भने ।

त्यस्तै, गण्डकी प्रदेशका सभामुख धितालले नेपालका लागि प्रदेशसभा र प्रदेशगत संसदीय अभ्यास नयाँ भएकाले आ-आफ्ना प्रदेशमा हुने असल अभ्यासबारे सिक्ने र सिकाउने उद्देश्यसहित आफूले अन्तरप्रदेशसभा संसदीय भ्रमणलाई अभियानका रूपमा लिएको बताए । प्रदेशसभालाई व्यवस्थित, परिणाममुखी र प्रभावकारी बनाउन अन्तरप्रदेश अनुभवले महत्वपूर्ण सिकाइको काम गर्ने विश्वास उनले व्यक्त गरे ।

सभामुख धितालले भने, "प्रदेशसभामा संसदीय अभ्यास हाम्रा लागि नयाँ विषय हो । त्यसैगरी दलगत कारणले प्रदेशसभामा केन्द्रको छाया पर्ने गरेको छ । त्यसलाई हटाउन पनि हाम्रा अभ्यासलाई अझै प्रभावकारी बनाउनुपर्नेछ ।" उनले मधेश प्रदेशका सभामुखलगायतको टोलीलाई गण्डकी प्रदेशसभा भ्रमणका लागि निम्तासमेत दिए ।

त्यस्तै, मधेश प्रदेशका उपसभामुख इशर र गण्डकी प्रदेशका उपसभामुख थापाले एकअर्को प्रदेशका संसदीय अभ्यासबाट सिक्नका लागि अन्तरप्रदेश भ्रमणको आवश्यकता औंल्याए । सो अवसरमा गण्डकी प्रदेशसभा सचिवालयका सचिव हरिराज पोखरेल, कम्प्युटर अधिकृत चन्द्रकला बस्नेत र मधेश प्रदेशसभा सचिवालयका तर्फबाट प्रवक्ता एवं उपसचिव (कानुन) अरुणकुमार झाले आ-आफ्नो प्रदेशका गतिविधिबारे जानकारी गराए ।

# सुशासन र समृद्धिको यात्रामा सरकारः गृहमन्त्री श्रेष्ठ



टुडे समाचारदाता

राजविराज । उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले भूमिहीन तथा मिटरब्याजका कारण समस्यामा परेकाहरुको उचित व्यवस्थापन तथा न्यायका लागि वर्तमान सरकारले विभिन्न गतिविधि अघि बढाएको बताएका छन् ।

शनिबार सप्तरीको खडक नगरपालिका- ६ कल्याणपुरमा नव निर्मित खडक बहुमुखी क्याम्पस भवनको उद्घाटन तथा भूमिहीन सुकुम्वासीलाई जग्गाधनीको लालपुर्जा वितरण कार्यक्रममा बोल्दै गृहमन्त्री श्रेष्ठले सो कुरा बताएका हुन् ।

"एकातिर कष्टकर जीवन विताइ रहेका भूमिहीनको पहिचान गरी क्रमिक रुपमा जग्गा उपलब्ध गराउने काम भइ रहेको छ भने अर्को तिर सामन्तवादको निकृष्ट अवशेषको रुपमा रहेको मिटरब्याजको समस्या समाधान गर्न विभिन्न गतिविधि अघि बढाइएको छ, मन्त्री श्रेष्ठले भने, यसका लागि कानुन बनायौं, आयोग बनायौं र अहिले सम्म ५ हजार भन्दा बढी मिटरव्याज पीडितलाई न्याय दिलाउन सफल भएका छौं ।"

मिटरब्याज समस्या समाधानप्रति सरकार गम्भीर रहेको बताउँदै उनले आयोगको म्याद सकिएपछि अहिले सबै जिल्लाका प्रहरीमा पीडितहरुको उजुरी लिने र न्याय सम्पादनको काम गर्ने जिम्मा र ब्यवस्था मिलाइएकोले क्रमिक रुपमा सबै पीडितले न्याय पाउँदै जाने विश्वास समेत ब्यक्त गरे । वर्तमान सरकार, सुशासन र समृद्धिको यात्रामा अघि बढेको बताउँदै उनले विपक्षीले विरोध गरेर आफ्नो धर्म मात्र निर्वाह गरिहेको बताए ।

भ्रष्टाचार विरोधी अभियानलाई निरन्तरताका साथ सरकारले अघि बढाइरहेको भन्दै दोषी जो सुकै भए पनि छानबिन गरी कारबाही प्रक्रियामा लैजाने उनले दृढता ब्यक्त गरे ।

खडक नगरपालिकाका मेयर जय प्रकाश चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा मधेश प्रदेशका भूमि व्यवस्था तथा कृषि मन्त्री गोविन्द न्यौपाने, प्रदेश सांसद माला कर्ण, पूर्व प्रदेश सांसद रुबि कर्ण, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्यद्वय, अशोक कुमार मण्डल अमर, सूर्यनाथ यादवलगायतले पनि आ- आफ्नो धारणा राखेका थिए ।

मन्त्री श्रेष्ठ शनिबार नै शम्भुनाथ नगरपालिकामा पनि भूमिहीनलाई जग्गा धनीको लाल पुर्जा वितरण र कार्यकर्ता भेटघाट कार्यक्रमा सरिक हुनका साथै जिल्लाका सुरक्षा निकाययका प्रमुखसंग छलफल गरी सुरक्षा अवस्थाबारे जानकारी लिनुका साथै आवश्यक निर्देशन समेत दिए ।

# मिनापले होली महोत्सव तथा महामुर्ख सम्मेलन गर्ने

टुडे समाचारदाता

जनकपुरधाम । प्रत्येक वर्ष झैं यस वर्ष पनि होलीको अवसरमा मिथिला नाट्यकला परिषद्ले महामुर्ख सम्मेलन गर्ने भएको छ ।

मिनापका महासचिव शैलेन्द्र मल्लिकले कार्यसमितिको बैठकबाट




आगामी चैत ११ गते होली महोत्सव तथा १२ गते महामुर्ख सम्मेलनको आयोजना गर्ने निर्णय गरेको जानकारी दिए ।

अन्तःगृह परिक्रममाको तिथि मितिमा हेरफेर भए महामुर्ख सम्मेलनको समय पनि एक दिन तलमाथि सर्न सक्ने सम्भावना रहेको उनले बताए ।

सम्मेलनको तयारीका लागि मिनापका अध्यक्ष परमेश झाको अध्यक्षतामा ३१ सदस्यीय मूल समारोह समितिसमेत गठन गरिएको छ ।

त्यस्तै जनकपुरधामस्थित राम मन्दिरको प्रांगणमा आयोजना गरिने होली महोत्सव तथा महामुर्ख सम्मेलनको तयारीका लागि होली टिम चयन उपसमिति, संचार उपसमिति, उपाधि वितरण छनोट समिति, कार्यक्रम प्रस्तोता उपसमितिलगायतका समितिहरु गठन गरिएको उनले बताए ।

सो महामुर्ख सम्मेलनमा राष्ट्रिय तथा स्थानीय व्यक्तित्वहरुमध्येबाट छनोट गरी विभिन्न प्रकारको उपाधि दिँदै आएको छ ।

# नामकरणको विषयमा मधेश प्रदेशबाहेक सबै प्रदेशमा चरम असन्तुष्टि : उपेन्द्र यादव




टुडे समाचारदाता

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले पहिचानका आधारमा प्रदेशहरूको पुनः नामकरण हुनु पर्ने माग गरेका छन् । जनताको मागलाई बेवास्ता गरी सरकारले पहाड नदी खोला नालाको नाममा प्रदेशको नामकरण गरेकोमा उनले असन्तुष्टि व्यक्त गरेका छन् ।

शनिबार ललितपुरको महालक्ष्मीस्थानमा समाजवादी तामाङ संघले आयोजना गरेको नयाँ वर्ष सोनम् ल्होछार कार्यक्रमलाई सम्बोधन गर्दै पहिचानका आधारमा प्रदेशलाई नामकरण गर्न सरकारले ढिलाइ गर्न नहुने उनले बताए । उनले भने, 'जनताको माग एकातिर छ, तत्कालीन सरकारले खोलानालाको नाममा प्रदेशको नामकरण गऱ्यो, त्यो हामीलाई मान्य छैन', जसपा अध्यक्ष यादवले भने, 'नामकरणको विषयमा मधेश प्रदेशबाहेक सबै प्रदेशमा चरम असन्तुष्टि छ, सरकारले यसलाई समयमै सम्बोधन गर्नुपर्छ ।'

पहिचानका लागि पूर्वी नेपालमा जारी आन्दोलनलाई जनताको माग अनुसार सम्बोधन गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष यादवले मधेशबाहेक बाँकी ६ वटै प्रदेशमा पहिचान आधारित पुनः नामकरणको आन्दोलनले विस्फोटक रूप लिन सक्ने दाबी गरे । मधेशका जनताको ठुलो संघर्ष र बलिदानीले मात्रै सो प्रदेशको नाम मधेश प्रदेश सम्भव भएको स्मरण गर्दै उनले पहिचानको मागलाई बेवास्ता नगर्न सरकारलाई सचेत गराए ।

मधेशी, आदिवासी जनजाति, दलित, सीमान्तकृत जनताले अधिकार र पहिचानका लागि संयुक्त रूपमा संघर्ष गर्नुपर्नेमा उनले जोड दिए । 'एक्लै लडेर हुँदैन, अधिकार प्राप्तिका लागि सबै उपेक्षित जनता एक ठाउँमा उभिनुपर्छ,' अध्यक्ष यादवले भने ।

# पाँच वर्षपछि मुसहर वस्तीमा शौचालय निर्माण

टुडे समाचारदाता

बारा । पाँच वर्षअघि खुला दिसामुक्त क्षेत्र घोषणा भएको बाराको महागढीमाई नगरपालिकाको मुसहर बस्तीमा बल्ल शौचालय निर्माण भएको छ । सरकारले हचुवाको भरमा खुला दिसामुक्त क्षेत्र घोषणा गरे पनि विपन्न मुसहर बस्तीका नागरिक शौचालयविहीन थिए ।



महागढीमाई वडा नं २ को मुसहर बस्तीमा शौचालय नहुँदा केही महिना अघिसम्म त्यहाँका बासिन्दा खेतबारी, खोलानाला, झाडीमा शौच गर्न जाने गर्दथे ।

मुसहर बस्तीकी फुनदेवी पासवानले शौचालय नभएका कारण आफूहरू खुला स्थानमा शौच गर्न जाने गरेको तर नगर प्रहरीले लखेट्ने गरेको सुनाइन् ।

महागढीमाई नगरपालिकाले २०७५/०७६ मै आफ्नो मातहतका ११ वटा वडालाई खुला दिसामुक्त घोषणा गरेको थियो । खुला दिसामुक्त पालिका घोषणा गर्नुअघि नगरपालिकाले अति गरिब, विपन्न र दलित बस्तीमा शौचालय निर्माणका लागि रिङ, सिट प्यानलगायतका आवश्यक सामग्री निःशुल्क वितरण गरेको महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र यादवले बताए ।

पछिल्लो समय नगरप्रहरी खटाएर खेतबारी, खोलानालामा शौच गर्नेलाई समातेर ल्याउने र सम्झाएर पठाउने गरेको कारणले शौचालय निर्माण अभियानले गति लिएको छ ।

हालै वडा-२ को मुसहर बस्तीमा इस्लामिक रिलिफ क्यानडा र इस्लामिक रिलिफ नेपालको आर्थिक सहयोगमा जनजागरण युवा क्लब कलैयाले शौचालय र स्नान घर बनाएर त्यसको प्रयोगबारे सचेतना गराएको थियो । उनीहरूले पछिल्लो समय शौचालयको प्रयोग गर्ने, स्नानघरमा नुहाउने, आफू र आफ्नो वरपर सरसफाइ गर्न थालेका छन् ।

जनजागरण युवा क्लब कलैयाले सो मुसहर बस्तीका ४६ घरधुरीमा शौचालय, पिउने पानीको धारा र ठाउँ ठाउँमा सामूहिक स्नानघर निर्माण गरेको छ ।

मुसहर बस्तीकी कलहीदेवी राम एक/डेढ वर्ष अघिसम्म गाउँमा यत्रतत्र फोहोर र दुर्गन्ध हुने गरेकोबताइन् ।

करिब १४ हजार घरधुरी, ५८ हजार जनसंख्या रहेको महागढीमाई नगरपालिकामा १७ देखि १८ प्रतिशत दलित बस्ती रहेको नगरप्रमुख उपेन्द्र यादवले बताए । उनले शौचालय नभएका दलितहरू बस्तीहरूमा नगरपालिकाले पुनः सहयोग गरेर शौचालय निर्माण गरिने बताए ।

सवारीसाधन व्यवस्थापनका लागि अनुरोध

- काठमाण्डौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरु गोंगबुस्थित नयाँ बसपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं ।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्ण रुपले पालना गरौं ।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुबाहक सवारीसाधन रोक्ने, यात्रु चढ्ने र ओर्लने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

कम्प्युटर अपरेटर - १ (एक) जना
लेखापाल - २ (दुई) जना
(व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको/महिलालाई विशेष प्राथमिकता)

सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८